Economic National Daily

# आर्थिक

राष्ट्रिय दैनिक

Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १४ ◆ अङ्क ४१०८ ◆ २०८० असोज ५ गते शुक्रबार ◆ ने.सं. ११४३ ◆ पृष्ठ ८ ◆ Friday, September 22, 2023 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com

# शिक्षक महासंघको आन्दोलन
# पेसागत सुरक्षा कि 'सिन्डिकेट' ?

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

बुधबार र बिहीबार राजधानीको माइतीघरदेखि नयाँबानेश्वरसम्मको सडकमा शिक्षकको आन्दोलनले यातायात ठप्प बनायो । बुधबार संविधान दिवसमा सार्वजनिक बिदा भएका कारण विद्यालय मात्र होइन अन्य सरकारी कार्यालय पनि बन्द थिए तर बिहीबार भने सार्वजनिक बिदा नभए पनि शिक्षक आन्दोलनमा आएको कारण देशभरका सामुदायिक विद्यालय बन्द भए ।

सरकारले विद्यालय शिक्षा ऐनको मस्यौदा संघीय संसद्मा दर्ता गरेपछि सबै शिक्षक संघ/संगठनहरु आफ्नो साझा संगठन नेपाल शिक्षक महासंघको नेतृत्वमा आन्दोलनमा उत्रिएका हुन् । उनीहरूले उक्त विधेयकमा असहमति जनाउँदै मागहरु राखेर बुधबारदेखि घोषितरूपमै काठमाडौंमा आन्दोलन गरेका हुन् । उनीहरूले उक्त विधेयक पास भएमा शिक्षकहरूको पेसागत हकहित र अधिकार खोसिने जिकिर गरेका छन् ।

संविधानले दिएको अधिकारअनुसार पेसागत सुरक्षाको माग गरेर विधि र प्रक्रियाभित्र रहेर आन्दोलन गर्नु स्वाभाविक हो । तर, अन्यायपूर्ण बुँदा संशोधन वा हटाउने नाममा दबाब दिएर खुला



सडक किनाराको वगैचामा बसेका आन्दोलनकारी शिक्षकहरू । आन्दोलनले फूल, बोटविरूवामा क्षति पुगेको छ । तस्बिर : मेयर बालेन्द्र साहको वालबाट ।

प्रतिस्पर्धाबाट शिक्षक/विद्यालय कर्मचारी विद्यालयमा प्रवेश गर्न क्रमशः वञ्चित गराउने विषयलाई सहजरूपमा भने लिन सकिँदैन । आफ्नो पेसागत अधिकार स्थापनाको नाममा अरूलाई उक्त पेसामा वर्षौंसम्म प्रवेश नै गर्न नदिने गरी भएको आन्दोलन भने गुणस्तरीय शिक्षाको मर्मविपरीत नै हो ।

जसले जे भने पनि अधिकांश विद्यालयमा करारमा शिक्षक भर्ना राजनीतिक आस्थाका आधारमा भएका छन् । अर्थात् कुनै राजनीतिक दलको सदस्यता छैन भने योग्यहरु पनि करारमा भर्ना भएका छैनन् । राजनीतिक आस्थाको आधारमा योग्य नभए पनि 'टीकेप्रथा'बाट विद्यालयमा प्रवेश पाउनेहरूलाई स्वतः स्थायी गराउनुपर्नेजस्ता शिक्षहरूको मागमा शिक्षाविद्हरु भने सहमत छैनन् ।

'स्वतः वा अत्यन्त सीमित प्रतिस्पर्धाबाट शिक्षक स्थायी गराउनैपर्छ भन्ने माग गुणस्तरीय शिक्षाविपरीत छ', एक शिक्षाविद्ले आर्थिक दैनिकसित भने, 'नेपालमा विद्यालय वा क्याम्पसको शिक्षाको गुणस्तर खस्कनुका विभिन्न कारणमध्ये एक कारण खुला प्रतिस्पर्धाबाट शिक्षक छनौट गर्न राजनीतिक दल र तिनका भ्रातृसंस्थाहरु बाधक बन्नु हो । खुला प्रतिस्पर्धाबाट शिक्षक छनौट नभएसम्म गुणस्तरीय शिक्षाको पहिलो खुड्किलो नै पार गर्न मुश्किल पर्छ ।' बिहीबार राजधानीमा भएको एक कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइरालाले पनि विभिन्न बहानामा विद्यालय प्रवेश गरेका केही शिक्षकलाई स्वतः स्थायी गराउनुपर्छ भन्ने शिक्षक महासंघको माग जायज नभएको भन्दै त्यसले गुणस्तर घटाउने दाबी गरे ।

संविधान दिवसको दिन पारेर शिक्षकहरूले सुरू गरेको काठमाडौंकेन्द्रित सडक आन्दोलनले उनीहरूको पेसागत अधिकारलाई सुरक्षित गराउने विषयलाई नाजायज भन्न नसकिए पनि विद्यालयमा शिक्षक र कर्मचारीको रूपमा प्रवेश गर्न प्रतिस्पर्धालाई वर्षौं पछि धकेल्ने खालका मागहरूले भने अराजकता निम्त्याउने काठमाडौं महानगरपालिकाका एक कर्मचारीले बताए । 'विनाप्रतिस्पर्धा अयोग्यलाई पनि स्थायी गरिनुपर्छ भन्ने माग जायज छैन', उनले भने ।

शिक्षकहरु पेसागत सुरक्षा र अधिकार रक्षाका लागि सडक आन्दोलनमा आएपछि सरकारले राज्यलाई आर्थिक भार नपर्ने गरी उनीहरूका माग पूरा गरिदिनुपर्छ भने खुला प्रतिस्पर्धालाई अझै फराकिलो बनाउने गरी सम्झौता गर्नुपर्छ । खुला प्रतिस्पर्धालाई रोक्ने गरी योग्यहरूलाई जबरजस्ती बाहिर राख्ने र उनीहरूलाई बाध्य पारेर रोजगारीका लागि विदेश धकेल्ने काम भयो भने त्यसले समाजमा झन् ठूलो विकराल रूप लिन सक्छ । त्यसमा सरकारमा बसेर वार्ता गर्नेहरूले सोच्नु पर्छ । शिक्षकहरूले पनि आफ्नो अधिकारको कुरा गर्दा उसको समाज र राष्ट्रप्रतिको जिम्मेवारी पनि बिर्सनु कदापि हुँदैन । उनीहरूको पेसागत सुरक्षा हुनैपर्छ । तर, योग्यहरूलाई छिर्नै नदिने, राज्यको आम्दानीले थेग्नै नसक्ने सुविधा दिनुपर्छ भन्ने मागमा भने कुनै पनि वर्ग सहमत हुन सक्तैन । शिक्षकहरूले आफ्ना माग पूरा गर्नका लागि अभिभावक, विद्यार्थी, विभिन्न पेसाकर्मीसँग सहयोगको माग गरेका छन् । तर, सहयोग लिनका लागि प्रतिस्पर्धालाई सीमित गर्ने, राज्यले थेग्नै नसक्ने आर्थिक भार बोकाउने, संविधानविपरीतका माग राख्ने हो भने त्यसमा उनीहरूले पर्याप्त सहयोग नपाउन सक्तछन् । सरकार र शिक्षक महासंघबीच बिहीबार साँझ पनि वार्ता भयो । तर, सहमति हुन सकेन । शुक्रबार फेरि वार्ता गर्ने भनिएको छ । यो वार्तामा शिक्षकलाई मर्का परेको गाँठो सरकारले फुकाइदिनुपर्छ भने शिक्षकहरूले सिन्डिकेट लागू गर्ने, संविधानले दिएको एकल अधिकार स्थानीय तहले कार्यान्वयन गर्न नपाउने, आर्थिकरूपमा राज्यलाई थेग्नै नसक्ने भार बोकाउनेजस्ता आलोचित माग छाड्नुपर्छ ।

अहिलेको विश्व प्रतिस्पर्धाको हो । त्यसमा पनि शिक्षामा प्रतिस्पर्धा नै हुनुपर्छ । अर्थात् गुणस्तरीय शिक्षा दिने

➤ बाँकी पृष्ठ २ मा

# बीमा क्षेत्रमा घट्यो प्रत्यक्ष रोजगारी

■ सुरेश राउत
काठमाडौं, असोज ४

| बीमा कम्पनीमा रोजगारी पाउनेको संख्या | | | |
|---|---|---|---|
| विवरण | आर्थिक वर्ष | | फरक (प्रतिशतमा) |
| | २०७८/७९ | २०७९/८० | |
| प्रत्यक्ष रोजगारी | १२०३१ | ११४९६ | -४.४५ |
| बीमा अभिकर्ता | २९६४०३ | २७७६२६ | -६.३३ |
| बीमा सर्भेयर | १२४० | १२१७ | -१.८५ |
| (स्रोत : नेपाल बीमा प्राधिकरण) | | | |

बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारी पाउनेहरूको संख्या घट्दै गएको देखिएको छ । बीमा क्षेत्रलाई वित्तीयरूपमा सबल र सक्षम बनाउने भन्दै नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणको निर्देशनअनुसार पछिल्लो समय आधा दर्जनभन्दा बढी बीमा कम्पनीहरु मर्जर तथा प्राप्तिमा सामेल भई एकीकृत कारोबार गरेपछि बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारीको संख्या घट्दै गएको हो ।

प्राधिकरणकै निर्देशनअनुसार आईएमई इन्स्योरेन्स र प्रुडेन्सीयल इन्स्योरेन्स कम्पनी गाभिएर आईएमई प्रुडेन्सीयल इन्स्योरेन्स कम्पनी, युनाइटेड र अजोड इन्स्योरेन्स गाभिएर युनाइटेड अजोड इन्स्योरेन्स कम्पनी, हिमालयन र एभरेष्ट इन्स्योरेन्स कम्पनी एक भएर हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी, सानिमा लाइफ र रिलायन्स लाइफ इन्स्योरेन्स मर्ज भएर सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी, सूर्य लाइफ र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी मर्जर भएर सूर्य ज्योति लाइफ इन्स्योरेन्स कम्पनी भएका छन् । यसरी ठूलो संख्यामा बीमा कम्पनीहरु मर्जर हुँदा ती कम्पनीहरूलाई अनावश्यक कर्मचारीहरु कटौती गर्न स्वैच्छिक अवकाश, शाखा समायोजन गर्ने नाममा कर्मचारीहरूलाई अतिरिक्त सुविधा दिएर सेवाबाट हटाउनेलगायतका काम गर्दा पछिल्लो समय बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारी पाउनेको संख्या घट्दै गएको हो ।

नेपाली बीमा क्षेत्रमा अहिले जीवन बीमातर्फ १४ वटा, निर्जीवन बीमातर्फ १४ वटा, पुनर्बीमातर्फ दुईवटा र लघुबीमातर्फ चारवटा समेत गरी कुल ३४ वटा बीमा कम्पनीहरूले कारोबार सञ्चालन गर्दै आएका छन् । सोमध्ये जीवन र निर्जीवन बीमा कम्पनीहरूमा मात्र प्रत्यक्ष रोजगारी पाउनेहरूको संख्या आर्थिक वर्ष २०७९/८० मा जम्मा ११ हजार चार सय ९६ रहेको छ । प्राधिकरणका

➤ बाँकी पृष्ठ २ मा

# विदेशबाट फर्केका युवालाई उद्यमशील बन्न १४ करोड खर्च

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पुँजी, सीप, प्रविधि र अनुभवबाट स्वदेशमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकीकरण कार्यक्रममार्फत झण्डै १४ करोड रूपैयाँ खर्च गरेको छ । गत आर्थिक वर्ष २०७९/८० मा सरकारले वैदेशिक रोजगारीबाट फर्केका तीन हजार दुई सय ६० जना नागरिकलाई पुनः एकीकरण कार्यक्रम सञ्चालन गरी १३ करोड ६८ लाख ९० हजार रूपैयाँ खर्च गरेको पाइएको छ । यो कार्यक्रम ८१ वटा पालिकामा सञ्चालन गरिएको थियो ।

गतवर्षको लागि उद्यमशीलता प्रवर्द्धनका लागि सीपमूलक तालिम सञ्चालन र लाभग्राहीको लागि प्राविधिक तथा वित्तीय सहयोग (औजार सामग्री सहयोग र उद्यमशीलता प्रवर्द्धन जीवनोपयोगी वस्तु सामग्री सहयोग तथा पशुपन्छी बीमा समेत) नाम दिएको उक्त कार्यक्रमबाट सो संख्यामा स्थानीय तह र विदेशबाट फर्केका नागरिकहरु लाभान्वित हुनपुगेको बोर्डका सूचना अधिकारी राजन पौडेलले जानकारी दिए ।

पालिकाहरूलाई रकम वितरण गर्दा भने थोरैमा आठ लाख ६० हजार रूपैयाँ र धेरैमा २५ लाख ८० हजार रूपैयाँ प्रदान गरिएको छ । आठ लाख ६० हजार रूपैयाँ पाउने पालिकाहरूमा मोरङको रंगेली नगरपालिका, पाँचथरको फालेलुङ गाउँपालिका, सिन्धुलीको तीनपाटन गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका, मकवानपुरको मनहरी गाउँपालिका, रूपन्देहीको सिद्धार्थ नगरपालिका, कैलालीको घोडाघोडी नगरपालिका र जानकी गाउँपालिका छन् । २५ लाख ८० हजार रूपैयाँ पाउने पालिकाहरूमा पाँचथरको फिदिम नगरपालिका, बाराको कलैया उपमहानगरपालिका, नुवाकोटको बेलकोटगढी नगरपालिका, लिखु गाउँपालिका, रामेछापको थात्रे गाउँपालिका, बाँकेको खुजरा गाउँपालिका र रोल्पाको सुनिल स्मृति गाउँपालिका छन् ।

८१ वटा पालिकामध्ये ५० प्रतिशतभन्दा धेरै पालिकालाई १७ लाख २० हजार रूपैयाँ प्रदान गरेको छ । यस्तै ८१ वटा स्थानीय तहले आठ लाख रूपैयाँ, १० लाख रूपैयाँ, १६ लाख रूपैयाँ, १७ लाख रूपैयाँ, २२ लाख रूपैयाँ र २५ लाख रूपैयाँ प्रदान गरेको छ । रकम

➤ बाँकी पृष्ठ २ मा

# सेयर कर्जामा १२ करोडको सीमा हट्ने हल्लाले बढ्यो बजार

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

सेयर लगानीकर्ताले बजार घट्नुको प्रमुख कारण मान्दै आएको सेयर धितो कर्जाको १२ करोडको क्याप हटाउन लागिएको खबरले बिहीबार सेयरबजारमा हरियाली देखियो । सोमबार अर्थमन्त्री डा. प्रकाशशरण महत र गभर्नर महाप्रसाद अधिकारीबीच १२ करोडको क्याप हटाउने विषयमा छलफल भएको थियो । गभर्नर अधिकारीले मंगलबार वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको छलफलमा १२ करोडको सीमामा लचिलो बन्ने संकेत गरेका थिए । बुधबार बजार बन्द थियो । गभर्नरको त्यही संकेतका कारण बिहीबार कारोबार खुलेदेखि नै बजार बढेको थियो । कारोबार बन्द हुँदा नेप्से परिसूचक ४४ दशमलव ३४ अंकले बढेर दुई हजार २९ दशमलव ७८ विन्दुमा पुगेको छ ।

सेयर धितो कर्जामा लगाइएको १२ करोडको सीमा नहटाए सञ्चालक समितिमा अल्पमतमा पर्ने देखिएपछि गभर्नर अधिकारी सकारात्मक बनेका हुन् । यस्तै आज (शुक्रबार) बस्ने राष्ट्र बैंक सञ्चालक समितिको बैठकमा नवनियुक्त अर्थसचिव कृष्णहरि पुस्कर पहिलो पटक सहभागी हुँदै छन् । उनले सो बैठकमा सेयर धितो कर्जामा लगाएको १२ करोडको सीमाको विषयमा छलफल गर्नसक्ने बुझिएको छ । अर्थतन्त्रको बाह्य क्षेत्र मजबुत बनेको र बैंकिङ प्रणालीमा पर्याप्त तरलता देखिएका कारण बहुमत सञ्चालकहरू १२ करोडको सीमा हटाउनुपर्नेमा समहमत छन् ।

कर्जाको सीमा बढेमा बजारमा सकारात्मक माहोल बन्ने र लगानी बढ्ने विश्वास लगानीकर्ताको छ । यही कारण बिहीबार कारोबार रकममा पनि वृद्धि देखिएको छ ।

➤ बाँकी पृष्ठ २ मा

इ–पेपर हेर्नको लागि

# 'अर्थतन्त्र सुधार्न अप्ठ्यारा हटाउँदै गएका छौं'

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा देखिएका समस्या बिस्तारै कम हुँदै गएको बताएका छन् । अर्थतन्त्र चलायमान बनउन अप्ठ्याराहरु हटाउँदै गएको दाबी समेत गरे । निक्षेप तथा कर्जा सुरक्षा कोषको ५०औँ वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारले आफ्नो ठाउँबाट पहल गरिरहेको र निजी क्षेत्रले पनि सकारात्मक भाइब फैलाउनुपर्ने बताएका हुन् ।

'समस्या सम्बोधनका लागि सरकारले पहल गर्ने काममा कमी हुन दिनेछैन, सरकारले अप्ठ्यारा हटाउँदै जानेछ, कतिपय हटिसकेका छन् घटिसकेका छन्', उनले भने, 'पर्यटक आगमन बढिरहेको छ । विदेशी मुद्रा सञ्चिति, विप्रेषण प्रवाह बढिरहेको छ । अर्थतन्त्रमा रिसोर्स आइरहेको छ, तर चलायमान भएको छैन', उनले भने, 'हातमा परेको पैसा कहाँ के गर्ने भन्ने असुरक्षाका कुरा व्यापक प्रवाह भइरहेको छ । खत्तम छ अर्थतन्त्र, अहिले खर्च गर्न ठीक समय होइन, लगानी नगरौँ । बैंकहरूले लगानी नगरून्, पैसा थुपारून्, राखून् भन्ने जुन



नकारात्मक सर्कुलर छ, त्यसलाई हामीले अन्त्य गर्नुपर्छ ।'

अब अर्थतन्त्रमा रिर्सोस भएकाले यो चलायमान हुँदा आर्थिक गतिविधि बढ्ने कुरा महतले बताए । 'आर्थिक गतिविधि बढ्दा रोजगारी पनि बढ्छ, राजस्वमा परेको दबाब अन्त्य हुन्छ', उनले भने 'राजस्वमा दबाब कम भयो भने अपेक्षाअनुसारको लगानी बढ्छ ।'

चार करोड १८ लाख निक्षेप खातामा रहेको १२ खर्ब ८८ अर्ब रकमको सुरक्षा प्रदान गरिरहेको छ । करिब १७ लाख ऋणीलाई कोषले सुरक्षा दिइरहेको मन्त्री महतले बताए । उनले भने, 'यसको पहुँच विस्तार भइरहेको छ । साना उद्यमीदेखि आम निक्षेपकर्तालाई सुरक्षा प्रदान गरेको छ । लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण, कृषि कर्जा सुरक्षणजस्ता कर्जा सुरक्षणको बैंक तथा वित्तीय संस्थालाई दूरदराजमा रहेका निम्नवर्गको पहुँचमा यसले कार्यक्षेत्र विस्तार गरेको छ ।'

अर्थमन्त्री महतले अर्थतन्त्रमा चलाइएको नकारात्मक कुचक्रलाई सुचक्रमा बदल्न कोषले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताए ।

'सरकारले विभिन्न समयमा ल्याएको कृषि अगुवा सूचना, वैदेशिक रोजगार, स्टार्टअप रोजगारजस्ता कार्यक्रमलाई यसले सेवा विस्तार गरेको छ', डा. महतले भने, 'जब हामी लगानी गर्छौं, अवश्य पनि जोखिमपूर्ण हुन्छ । त्यो जोखिमलाई न्यून गर्ने विभिन्न तरिकामा कर्जा सुरक्षा कोषको भूमिका महत्वपूर्ण हुन्छ । साना उद्यमी व्यवसायीको जोखिम जति न्यून गर्न सकियो, त्यति धेरै अर्थतन्त्र चलायमान हुन्छ, रोजगारी सिर्जना गर्छ ।'

अर्थमन्त्री महतका अनुसार साना-साना कर्जा प्रवाह हुन्छ, साना-साना उद्योग स्थापना हुन्छ । त्यसले ज्यादा रोजगारी सिर्जना हुन्छ । साना धेरै छरिएर रहेका व्यवसायले धेरै रोजगारी सिर्जना गर्छ । यो रोजगारी आम सर्वसाधारणले प्राप्त गर्छन् ।

➤ बाँकी पृष्ठ २ मा

# कर्मचारीलाई तलब नै दिन नसक्ने स्टार हस्पिटललाई आईपीओ निष्कासनको अनुमति

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

नाजुक आर्थिक अवस्थाको कारण कर्मचारीलाई तलबसमेत दिन नसकिरहेको ललितपुरको स्टार हस्पिटललाई सेयर निष्कासनको अनुमति दिइएको छ । ललितपुरको सानेपा हाइट रिङरोडमा रहेको उक्त स्टार हस्पिटलले छ महिनादेखि कर्मचारीलाई तलब खुवाउन सकेको छैन । आर्थिकरूपमा करिब-करिब टाट उल्टिने अवस्थामा पुगेको उक्त हस्पिटललाई आईपीओ निष्कासन अनुमति दिएपछि त्यसको प्रक्रिया अगाडि बढाउन

➤ बाँकी पृष्ठ २ मा

पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

लम्पी स्किन रोगका लक्षणहरु :
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने ।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने ।
- छालामा गिर्खा/गाँठाहरू देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने ।
- नाक, मुख, कल्चौडा र थुनमा घाऊ हुने ।
- आँसु, र्‍याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने ।
- खुट्टा जोर्नि सुनिने ।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने ।

यस्ता लक्षण देखिएमा,
- रोगी पशुलाई अलग्गै राखौं ।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं ।
- ज्वरो आएको पशुलाई आराम गरौं ।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विदेशबाट...

लिने अधिकांश पालिकामा लक्षित लाभग्राहीको संख्या ४० र ६० जना छ ।

वैदेशिक रोजगार बोर्डले गत वर्ष वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ निर्माण गरी विदेशबाट फर्केका युवाहरूको पुँजी, सीप प्रविधि र अनुभवलाई स्वदेशमा प्रयोग गरी उद्यमशीलताका विकास तथा सीपको प्रवर्द्धन गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याएको पुनः एकीकरण कार्यक्रममार्फत सो संख्यामा युवाहरु लाभान्वित हुनपुगेको बताएको छ । बोर्डका अनुसार पुनः एकीकरण कार्यक्रम सबैभन्दा बढी तराईको जिल्लामा सञ्चालन भएको छ । करिब ७० प्रतिशतभन्दा बढी तराईका जिल्ला त्यसपछि पहाडी र बाँकी अन्य जिल्लाहरूमा उक्त कार्यक्रम सञ्चालन गरिएको सूचना अधिकारी पौडेलले बताए । उनले पालिकाको मागका आधारित पुनः एकीकरण कार्यक्रम सञ्चालन भएको र कार्यक्रम प्रभावकारी समेत भएको बताए । 'बोर्ड र पालिकाबीच सम्झौता गरी पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्ने नीतिअनुरूप नै कार्यक्रम सञ्चालन भएको तथा विनियोजित बजेटको करिब ९० प्रतिशत रकम खर्च हुनु भनेको कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन भएको मान्न सकिन्छ', सूचना अधिकारी पौडेलले आर्थिक दैनिकसँग भने, 'कार्यक्रम गतवर्ष प्रभावकारीरूपमा सञ्चालन भएको हुँदा आगामी वर्षमा पनि यसलाई निरन्तरता दिने तयारीमा रहेका छौँ ।'

बोर्डले उपलब्ध गराएको तथ्यांकअनुरूप कलैया उपमहानगरपालिका, बारा, जितपुर सिमरा उपमहानगरपालिका, बारा, शम्भुनाथ नगरपालिका, सप्तरी, लाहान नगरपालिका, सिराहा, गणेशमान चारनाथ नगरपालिका, धनुषा, शाहिदनगर नगरपालिका, धनुषा, गौशाला नगरपालिका महोत्तरी, बर्दिबास नगरपालिका, महोत्तरी, बरथहवा नगरपालिका, सर्लाही, गौर नगरपालिका, रौतहट, पर्सागढी नगरपालिका, पर्सालगायतका क्षेत्रमा पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिएको हो । साथै धरान उप–महानगरपालिका सुनसरी, फिदिम नगरपालिका पाँचथर, इलाम नगरपालिका इलाम, षडानन्द नगरपालिका भोजपुर, रंगेली नगरपालिका मोरङ, हलेसी तुवाचुङ नगरपालिका खोटाङ, मन्थली नगरपालिका रामेछाप, बाह्रबीसे नगरपालिका सिन्धुपाल्चोक, विदुर नगरपालिका नुवाकेट, थाहा नगरपालिका मकवानपुर, तीनपाटन गाउँपालिका सिन्धुली, इच्छाकामना गाँउपालिका चितवन, गैंडाकोट नगरपालिका, नवलपरासी, गल्कोट नगरपालिका, गोरखा, देवघाट गाउँपालिका, तनहुँलगायतका पालिकामा उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

त्यस्तै, पुनः एकीकरण कार्यक्रमको लागि विनियोजित बजेटको २० प्रतिशत रकम भने पालिकाले राख्नुपर्ने प्रावधान थियो । कार्यक्रममा सहभागी अधिकांश पालिकाले २० प्रतिशत बजेट राखी कार्यक्रमलाई अघि बढाउन सहयोग गरेको कारण विदेशबाट फर्केका नागरिकहरु लाभान्वित बन्न सकेको उनले बताए । यसले केही हदसम्म विदेशबाट फर्केका युवाहरु स्वदेशमा बन्ने वातावरण बनेको हेटौंडा उपमहानगरपालिकाका अधिकारीहरूले बताए । धेरै पालिका तथा स्थानीय तहले पुनः एकीकरण कार्यक्रम आगामी वर्षहरूमा आवश्यक रहेको माग गरेको छन् भने बोर्ड सोहीअनुरूप अघि बढ्ने मानसिकतामा रहेको छ । बोर्डले आगामी वर्षहरूमा भने पालिकालाई भन्दा पनि सोझै विदेशबाट फर्केका नागरिकसँग जोडिन तयारी गरेको छ । सूचना अधिकारी पौडेलले विदेशबाट फर्केका नागरिकले चालू आर्थिक वर्षमा भने सोझै सम्बन्धित क्षेत्रमा गई प्राविधिक तथा वित्तीय सहयोग माग गर्नसक्ने बताए ।

पुनः एकीकरण कार्यक्रमलाई सामाजिकीकरण कार्यक्रम, रोजगारीमा आबद्धता हुने कार्यक्रम र उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रमको रूपमा समेत निर्देशिकाले चित्रण गरेको हुँदा वैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई प्रभावकारी हुन देखिन्छ । सो कार्यक्रम सञ्चालन गर्दा बोर्डले स्वीकत गरेबमोजिम कोषको रकम उपयोग गर्न सकिन्छ भने गत आर्थिक वर्षको लागि १५ करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

कार्यक्रम सञ्चालनको लागि बोर्डका कार्यकारी निर्देशकसहित नौ सदस्यीय समिति रहेको छ जसले कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट, कार्यक्रममा दोहोरपना नहुने सुनिश्चितता, कार्यक्रमको प्रकृति र माग, स्थानीय तहले गर्नसक्ने योगदान र कर्यक्रम सञ्चालन गर्ने क्षमता र कार्यक्रमको उपयोगिताको बारेमा अध्ययन अनुसन्धान गर्ने व्यवस्था गरेको छ । वार्षिकरूपमा सञ्चालन गरिने कार्यक्रमको योजना तयार गरी स्वीकृतिको लागि बोर्डसमक्ष भने पेस गर्नुपर्नेछ ।

## सेयर...

दैनिक औसत एक अर्ब रूपैयाँ हाराहारी कारोबार हुँदै आएकामा बिहीबार तीन अर्ब २९ करोड ३९ लाख रूपैयाँको एक करोड १२ लाख ६४ हजार कित्ता सेयर किनबेच भएको छ । लगानीकर्ताको सम्पत्ति एकैदिन ८२ अर्ब रूपैयाँले बढेको छ । बजार पुँजीकरण ३० खर्ब ७४ अर्ब रूपैयाँ कायम भएको छ ।

कारोबारमा आएका दुई सय ३१ कम्पनीमध्ये दुई १७ कम्पनीको सेयरमूल्य बढेको छ । १२ वटाको घटेको छ भने दुईवटाको स्थिर छ ।

कारोबारमा आएका १३ वटै उपसमूह बढेका छन् । लगानीकर्ताको चहलपहल जलविद्युत् समूहका कम्पनीमा सबैभन्दा बढी देखिएको छ । जलविद्युत् समूह पाँच दशमलव ३१ प्रतिशतले बढेको छ । त्यसपछि फाइनान्स चार दशमलव ३८ प्रतिशतले बढेको छ । विकास बैंक तीन दशमलव ७७, उत्पादन तथा प्रशोधन दुई दशमलव ८२, लगानी दुई दशमलव ४७, अन्य दुई दशमलव ३४, लघुवित्त दुई दशमलव २९, निर्जीवन बीमा एक दशमलव ७६, जीवन बीमा एक दशमलव ६७, होटल तथा पर्यटन एक दशमलव ४९, म्युचुअल फन्ड एक दशमलव २२, बैंकिङ शून्य दशमलव ८७ र व्यापार शून्य दशमलव ३३ प्रतिशतले बढेका छन् ।

यसदिन १० वटा कम्पनीको सेयर कारोबार सकारात्मक सर्किट लेभलमा भएको छ । बजार बन्द हुँदा नेशनल हाइड्रोपावर, दिव्यश्वरी हाइड्रोपावर, स्वाभिमान लघुवित्त र हिमाल दोलखा हाइड्रोपावरको सेयरमूल्य १० प्रतिशतले बढेको छ । सकारात्मक सर्किट लेभलमा कारोबार भएकामध्ये बाँकी छवटाको नौ दशमलव ९९ प्रतिशतभन्दा तल नौ दशमलव ९५ प्रतिशतसम्मले मूल्य बढेर बन्द भएको छ ।

सबैभन्दा धेरै गुमाउनेमा एनआईबीएल ग्रोथ फन्डको इकाइमूल्य चार दशमलव शून्य ७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सन नेपाल लाइफ इन्स्योरेन्स सबैभन्दा माथि छ । सन नेपाल लाइफको २० करोड १८ लाख ३६ हजार रूपैयाँबराबरको सेयर किनबेच भएको छ ।

## अर्थतन्त्र...

'यो परिवर्तनको समय हो, प्रविधिको नयाँ–नयाँ विकास भइरहेको छ । डिजिटल एकाउन्टिङको हामीले कुरा गरिरहेका छौँ । आईटीमा जुन क्रान्ति आएको छ, त्यसले ट्रानजेक्सनको कस्ट घटाएको छ', उनले भने, 'यसलाई हामीले ग्रहण गर्न जरूरी छ । कर्जा सुरक्षा कोषले यो काममा अग्रणी भूमिका खेल्नेछ । यसले उच्च व्यावसायिकताका आधारमा काम गर्छ भन्ने सरकारले विश्वास लिएको छ । यसको सेवा विस्तार हुनुपर्‍यो ।'

## शिक्षक....

हो भने प्रतिस्पर्धाबाट नै शिक्षक छनौट गर्नुपर्छ । जो प्रतिस्पर्धामा उत्रन सक्तैन उसले शिक्षक भएर किन बस्ने ? प्रतिस्पर्धा पार गर्न नसक्नेले कुन गुणस्तरको शिक्षा दिन्छ, त्यो सहजै अनुमान गर्न सकिन्छ । तसर्थ शिक्षक छनौटमा खुला प्रतिस्पर्धा नै हुनुपर्छ । प्रतिस्पर्धाबाट आएका मात्र क्षमतावान् हुन्छन् ।

अहिले संसद्मा पेश भएको विधेयकको दफा ७१ देखि ७८ सम्म संशोधन गर्नुपर्ने उनीहरूको माग छ । संविधान जारी भएको आठ वर्षसम्म संघीय शिक्षा ऐन नबनाइँदा संघीयता कार्यान्वयन गर्न सरकार इमान्दार छैन भनेर प्रश्न उठाएका थिए । तर, सरकारले विधेयक दर्ता गरेपछि उनीहरूले संसादहरूसँग 'लबिङ' गर्न सक्थे । त्यो बाटो नगई शिक्षकहरूले सडक रोज्न पुगेका छन् । माग पूरा गर्नका लागि शिक्षकहरूले सडक रोज्नुलाई पूरै गलत हो भन्न नसकिए पनि सिन्डिकेट लगाउने किसिमका उनीहरूको मागमा भने सहमत हुने ठाउँ छैन ।

शिक्षक महासंघमा आबद्ध आन्दोलनकारीहरूले नयाँ ऐनमा कार्यरत शिक्षकहरूलाई विशेष प्राथमिकतासहित आन्तरिक परीक्षाको प्रबन्ध हुनुपर्ने माग राखेका छन् । त्यस्तै, विद्यालयमा कर्मचारीको दरबन्दी सिर्जना गरी कार्यरत कर्मचारीहरूलाई प्राथमिकतामा राखी स्थायित्वको प्रक्रियामा लैजानुपर्ने माग राखेका छन् । त्यस्ता कर्मचारी करारमै राखे पनि विद्यालयले प्रतिस्पर्धा गराएको थियो भने शिक्षक महासंघको भनाइ ठीक हुनेथियो । तर, अहिले विद्यालयमा कार्यरत कर्मचारीहरु विनाप्रतिस्पर्धा कुन नै कुनै राजनीतिक दलको कार्यकर्ताको रूपमा विद्यालयमा प्रवेश गरेका हुन् । एउटा प्रवेश गरेपछि अरूलाई प्रवेश नै गर्न नदिने सिन्डिकेटको माग शिक्षक महासंघले गर्नु प्रतिस्पर्धाको सिद्धान्तविपरीत हो । तर, प्रारम्भिक बाला शिक्षालाई संरचनाबाहिर राख्नु भएन, विश्वविद्यालयको जसरी पेन्सन गणना गर्नुपर्छ भन्नेजस्ता केही मागका बारेमा राज्य लचिलो हुनु जरूरी छ । पालिकास्तरबाट सरूवा गर्न पाइँदैन भनेर शिक्षकहरूले संविधानले पालिकालाई दिएको अधिकारमाथि नै जसरी प्रश्न उठाएका छन् त्यसका बारेमा सबै पक्षले एउटा निष्कर्ष निकाल्नै पर्छ । माग पूरा गर्नका लागि सडकमा आउनैपर्ने, सडकमा आएपछि जे माग पनि पूरा गर्ने लिखत गर्नेजस्ता प्रचलन हटाउनै पर्छ । अहिले शिक्षकपछि तुरून्त स्थानीय तहका कर्मचारी पनि आफ्नो माग लिएर सडकमा आउने तयारी गरेका छन् । तसर्थ राज्यले जुनसुकै पेसाकर्मीको माग पूरा गर्दा आफ्नो सामर्थ र राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रचलनलाई पनि हेर्नु जरूरी छ ।

## बीमा...

अनुसार यो संख्या अघिल्लो आर्थिक वर्ष २०७८/७९ को तुलनामा चार दशमलव ४५ प्रतिशतले कम हो । अघिल्लो वर्ष बीमा कम्पनीमा प्रत्यक्ष रोजगारी पाउनेको संख्या १२ हजार ३१ थियो । यसैगरी पछिल्लो समय बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारीसँगै बीमा अभिकर्ता र सर्भेयरको संख्या पनि घट्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ जीवन र निर्जीवन दुबैमा गरी दुई लाख ९६ हजार चार सय तीन जना अभिकर्ता थिए । तर, अहिले यो संख्या छ दशमलव ३३ प्रतिशतले घटेर दुई लाख ७७ हजार छ सय २५ जनामा खुम्चिएको छ । बीमा सर्भेयरको संख्या पनि पछिल्लो अवधिमा घटेर एक हजार दुई सय १७ जनामा सीमित भएको छ । यो संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा एक दशमलव ८५ प्रतिशतले कम हो । प्राधिकरणका अनुसार आर्थिक वर्ष २०७८/७९ मा बीमा सर्भेयरको कुल संख्या एक हजार दुई सय ४० थियो ।

## कर्मचारीलाई...

मुक्तिनाथ क्यापिटललाई बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

कोरोना महामारीअघि नै समस्या रहेको हस्पिटलका अध्यक्ष तथा पूर्वबैंकर किशोर महर्जनले बैंकका सीईओहरूसँग हारगुहार मागेर कोरोनाकालमा पीसीआर परीक्षणको नाममा करोडौं रूपैयाँ संकलन गरेका थिए ।

महर्जन थरकी महिलाको नाममा उक्त रकम संकलन गरेर हस्पिटललाई नदिई एक्लै खान खोजेपछि भएको विवादमा महर्जनलाई अध्यक्ष पदबाट अपदस्थ गरिएको थियो र पछि मिलापत्र गरेर फेरि अध्यक्ष बनाइयो । तर पनि हस्पिटलको आर्थिक अवस्था सुध्रनु सकेको छैन ।

हस्पिटलले ४० करोड रूपैयाँ सेयर पुँजीबराबरको एक सय रूपैयाँ अंकित दरको ४० लाख कित्ता सेयर सर्वसाधारणलाई बिक्री गर्न लागेको हो । करिब ६९ करोड चुक्ता पुँजी भएको हस्पिटलसँग २५ प्रतिशत अग्राधिकार सेयरसहित ८५ करोड रूपैयाँ चुक्ता पुँजी रहेको छ । आईपीओ जारी गरेसँगै केही संस्थागत लगानीकर्ता, बीमा कम्पनी, प्राइभेट इक्विटी कम्पनी तथा निजी संस्थागत लगानीकर्ताहरू समेतको गरी चुक्ता पुँजी २ अर्ब रूपैयाँभन्दा बढी हुने कम्पनीले जनाएको छ ।

थप पुँजी लगानीबाट हस्पिटलले आधुनिक उपकरणसहित नयाँ उपचार सेवाका विधाहरू क्यान्सर, आइभीएफ सेवा र देशका विभिन्न स्थानहरूमा उपचार सेवा केन्द्र विस्तार गर्ने योजना बनाएको अस्पतालले जनाएको छ ।

### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको खोलेसिमल शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी भिम कुमारी चोखालको मिति २०७९/१२/१४ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा हिक्मत चोखालबाट मिति २०८०/०५/२४ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
खोलेसिमल शाखा
फोन नं.: ०५६४१३१४४
ग्लोबल कनेक्ट: ०१-५९७०६०

### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको पाखीबास शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका डम्बर बहादुर भण्डारीको मिति २०८०/०५/१२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती ज्ञेन्द्र कुमारी भण्डारीबाट मिति २०८०/०५/२५ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
पाखीबास शाखा
फोन नं.: ०२६-४०५१५१
ग्लोबल कनेक्ट: ०१-५९७०६०

### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको प्रतापपुर शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका लक्ष्मण तेलीको मिति २०७९/०३/०३ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरी शिवरात्री तेलीबाट मिति २०८०/०५/२९ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
प्रतापपुर शाखा
फोन नं.: ०७८-४१९०३१/३२
ग्लोबल कनेक्ट: ०१-५९७०६०

### बीमालेखा हरायो

**मिति २०८०/७/२ गते बालुवाटार देखि नक्साल जाँदा मेरो निम्न व्यहोरा भएको एशियन लाईफ इन्स्योरेन्स कम्पनीबाट जारी बीमालेखा हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध गर्दछु।**

नाम : बिनोद तामाङ्ग
बीमालेखा नं : ७२१८०००२२७६
ठेगाना : महाकाली-१५, नुवाकोट
सम्पर्क नं : ९८५६०३५४५५

### मोटरसाइकल हरायो

मिति २०८०/०५/३० गते राती अन्दाजी ११:०० बजे आफ्नो घरमा पार्किङ गरी राखेको अवस्थामा रहेको निम्न विवरणको मोटरसाइकल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.९, सिनामंगल स्थित चाँदनी टोलबाट हराएको हुदाँ पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको ट्राफिक/प्रहरी कार्यालयमा जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

**सवारी साधनको विवरण**
सवारी धनी : सुजन घिमिरे
सवारीको किसिम : Bullet Enfield 346cc
दर्ता नं. : बाग्मती प्रदेश ०२, ०४२ प ३४१३
रङ : Gun Gray
इन्जिन नं. : U3S5C1KD054973
च्यासिस नं. : ME3U3S5C1KD953036

### इम्पेरियल को–अपरेटिभ सर्भिस लिमिटेड

का.म.पा ०३, महाराजगंज, काठमाडौं

**भुल सुधार सम्बन्धि सूचना**

प्रकाशित मिति : २०८०/०६/०५

यस कार्यालयबाट मिति २०८०/०६/०४ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा **तेस्रो वार्षिक साधारण सभा हुने मिति २०८० कार्तिक ०३ गते** हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०६/०५

यस कम्पनीको मिति २०८०/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साबिकको कम्पनी **प्रिन्स इन्जिनियरिङ्ग एण्ड कन्ट्रयाक्टिङ्ग प्रा.लि.** (प्रा.लि.नं.३१२२४५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/०९ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **प्रिन्स इन्जिनियरिङ्ग एण्ड कन्ट्रयाक्टिङ्ग कम्पनी प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

### नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७४/०८/०३ मा दर्ता भएको प्रा.लि. नं. १७८५४९ को बेसमेन फुटवेयर प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२८ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ खारेजीका लागि यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

## Federal Project Implementation Unit, Kaski

**Invitation for Bids**

Date of Publication: 2080/06/05 BS

1. The Department of Urban Development and Building Construction, Federal Project Implementation Unit, Kaski (DUDBC, FPIU, Kaski) invites electronic bids from Nepalese eligible bidders for the various works.

| S. N | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Remarks (Estimated Amount) |
|---|---|---|---|---|---|
| 1 | FPIU/KASKI/NCB/ WORKS/080/81/01 | Construction of Saalbote, Naya buspark, Hilepokhari roads, Gorkha 7. | 70,000.00 | 3,000.00 | **2556083.74** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 2 | FPIU/KASKI/NCB/ WORKS/080/81/02 | Upgrading works of Gairipipal, Khanaltari, Prabidhik Shikshyalaya roads, Gorkha 7. | 70,000.00 | 3,000.00 | **2560836.51** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 3 | FPIU/KASKI/NCB/ WORKS/080/81/03 | Machhapuchchhre Ga.Pa.Ekikrit Basti Bikas Nirman karya ko DER anusar Purwadhar construction works, Kaski. | 80,000.00 | 3,000.00 | **2996180.00** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 4 | FPIU/KASKI/NCB/ WORKS/080/81/04 | Machhapuchchhre Ga.Pa. ma Purwadhar Construction Works, Kaski. | 2,20,000.00 | 3,000.00 | **8558845.19** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 5 | FPIU/KASKI/NCB/ WORKS/080/81/05 | Upgrading of roads from Puranbari Kaudi Khola to Gaderi Khola, Arjunchaupari 1, Syangja. | 70,000.00 | 3,000.00 | **2566991.32** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 6 | FPIU/KASKI/NCB/ WORKS/080/81/06 | Construction of Ekpate Milan Chowk to Chiplechaur Barah Chaupari roads, Arjunchaupari 1, Syangja. | 70,000.00 | 3,000.00 | **2567034.49** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 7 | FPIU/KASKI/NCB/ WORKS/080/81/07 | Construction of Sundarbazar, Sworek Bhanjyang, Maidan Urban roads, Virkot 9, Syangja. | 110,000.00 | 3,000.00 | **4279645.61** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 8 | FPIU/KASKI/NCB/ WORKS/080/81/08 | Upgrading of Saalfedi Lupugau Mohariyakot roads, Rainas 6, Lamjung | 80,000.00 | 3,000.00 | **2995613.33** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 9 | FPIU/KASKI/NCB/ WORKS/080/81/09 | Upgrading of roads connecting Ram Mandir, Bhakunde and Ward Office, Besisahar 2, Lamjung | 70,000.00 | 3,000.00 | **2568596.41** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |
| 10 | FPIU/KASKI/NCB/ WORKS/080/81/10 | Upgrading of Sahilitar, Majuja, Bhalayakharka, Panthedanda, Aathswara, Pyarjoong (Koke Gau) roads, Rainas 1, Lamjung | 110,000.00 | 3,000.00 | **4278981.15** (Excl. VAT), Single Stage, One Envelope Bidding Procedure |

2. Pre bid meeting date: 2080/06/23 at 13:00 Hrs.
3. Bid Submission date: 2080/07/12 till 12:00 Hrs, Bid Opening Date: 2080/07/12 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents at Federal Project Implementation Unit, Kaski, Telephone: +977-061-453058, mobile no.: 9846052401 and email address: - dudbckaski2076@gmail.com or through website www.bolpatra.gov.np/egp

**Project Manager**


### साइप्रसमा रोजगार

१. कम्पनी : ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०८०/०३/१० चलानी नं.: ६०२०३७० LT. No.: 287996 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 15 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,२७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping | 0 | 5 | | 970 | १,३७,६६० | | | | | | | |

२. कम्पनी : CH. & A. PAPADOU ALIEN SERVICES
शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०८०/०३/०८ चलानी नं.: ६०२०७८३९ LT. No.: 287997

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 20 | स. काममा दक्ष | 314 | ४४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज १२ गते (29 Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु. ४०,०००/- रोजगारदाताले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुढानगरमा सम्पर्क गर्नु होला ।

**MANIA WORLD SERVICES PVT. LTD**
Gov. Lic No. 1546/078/079
Koteshwor-32, Kathmandu, Tel, 01-5147316, Mob.: 9851107082, 9841101169
Email: cv@maniqws.com, Website : maniaws.com

# टाटा र दुगड पावरबीच सम्झौता

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

नेपालको नवीकरणीय ऊर्जा पहललाई बढावा दिन टाटा पावर नवीकरणीय ऊर्जा लिमिटेड (टीटीआरईएल) र दुगड पावर फोर्जबीच सहकार्य गर्ने सहमति भएको छ । नेपालमा दूतरुपमा विकास भइरहेको नवीकरणीय ऊर्जाको विकासमा टीटीआरईएलको रणनीतिक प्रवेशलाई यस सहमतिले बढावा दिने बताइएको छ ।

टाटा पावर नवीकरणीय ऊर्जा लिमिटेडका प्रमुख कार्यकारी अधिकृत आशीष खन्नाले दुगड पावरसँगको यो साझेदारीले नेपालको नेपालको ऊर्जाको सम्भाव्य बजारभित्र आफूहरु प्रवेश गरेको बताए । यस्तै, दुगड पावर प्रालिका निर्देशक अभिषेक दुगडले टाटा पावर नवीकरणीय ऊर्जा लिमिटेडसँगको सहकार्य नेपालको ऊर्जाको क्षेत्रको आवश्यकतालाई दीर्घकालीन, आत्मनिर्भर र नवीकरणीय बनाउने रणनीतिक एकता भएको उल्लेख गरे । नेपालको हरेक कुनामा स्वच्छ ऊर्जा पुर्‍याउने कार्यमा आफूहरु प्रतिबद्ध रहेको उनको भनाइ थियो । टाटा पावर नवीकरणीय ऊर्जा लिमिटेड नवीकरणीय ऊर्जा क्षेत्रको नेतृत्वदायी खेलाडी हो । यसले विश्वभर नै ३ जीडब्लुभन्दा बढीको सेल र मोडुल बेचेको छ । तीन दशमलव चार मेगावाटको नेदरल्याण्डमा, तीन दशमलव ३७ मेगावाटको अमेरिकामा जस्ता कम्पनीले ठूला र बहुमापनका कम्पनीलाई यसले ऊर्जा दिएको छ ।

यस्तै, दुगड पावरले नेपालको नवीकरणीय ऊर्जाको क्षेत्रमा कार्य गर्दै आएको छ । यी दुवै कम्पनीले संयुक्तरुपमा नेपालको ऊर्जा समाधानका लागि रुपान्तरणकारी कार्य गर्न क्षमता राख्ने बताइएको छ । यो साझेदारीले नेपालको ऊर्जा क्षेत्रलाई पुनः परिभाषित बनाउने लक्ष्य राखेको छ ।

# एनसेलको 'बजार जाऔँ' कार्यक्रम

आर्थिक संवाददाता
काठमाडौं, असोज ४



एनसेल आजियाटा लिमिटेडले आफ्नो १८औँ वार्षिकोत्सवको अवसरमा 'बजार जाऔँ' (गो टु मार्केट) कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रमअन्तर्गत एनसेलका उच्चपदस्त अधिकारीलगायत अन्य कर्मचारीहरु देशैभरका विभिन्न एनसेल सेन्टर र आधिकारिक खुद्रा विक्रेताका पसल-पसल गएर आफ्ना ग्राहक र खुद्रा विक्रेतासँग प्रत्यक्ष अन्तर्क्रिया गरेका थिए ।

'बजार जाऔँ' ग्राहकका गुनासा, सल्लाह र सुझावहरु व्यक्तिगतरुपमा सुनेर त्यसलाई सम्बोधन गर्ने एनसेलको प्रतिबद्धताअनुरुप आयोजना गरिएको कार्यक्रम हो । कम्पनीको ब्रान्ड बाचा 'आज, भोलि, सधैँ सँगै'अन्तर्गत रही वार्षिकोत्सवको थिम 'हामी तपाईंकै लागि'अनुसार यो बजार भ्रमण कार्यक्रमको आयोजना गरिएको हो । एनसेल आफ्नो सिद्धान्तमा केन्द्रित रहीण नेपाल र नेपालीकै लागि निरन्तर गुणस्तरीय सेवा प्रदान गर्न प्रतिबद्ध रहेको छ ।

# कोकाकोलाको 'चिल एन विन' क्याम्पेन

आर्थिक संवाददाता
काठमाडौं, असोज ४




कोकाकोला नेपालले 'चिल एन विन २.०' क्याम्पेन सञ्चालनमा ल्याएको छ । कम्पनीले 'चिल एन विन' को अपार सफलता यो क्याम्पेन फेरि सञ्चालनमा ल्याइएको जनाएको छ ।

यस क्याम्पेनले बम्पर पुरस्कारको रुपमा एउटा कार तथा साप्ताहिकरुपमा आठ जनाका लागि एउटा बाइकलगायतका पुरस्कारहरु जित्ने अवसर प्रदान गर्नेछ । साथै, दैनिक टप-अपसहित स्मार्टफोनहरु पनि प्रदान गरिनेछ भने अनेकौँ एक्साइटिङ पुरस्कारहरु जित्ने सम्भावना अगाडि ल्याएको छ । यस क्याम्पेनमा सहभागी हुन कोकाकोला, स्प्राइट वा फ्यान्टाका पेट बोतलहरुको लेबलको पछाडि वा कुनै रिटर्नेबल ग्लास बोतलहरु (आरजीबी) को बिर्कोमुनि प्रिन्ट गरिएको युनिक कोड एसएमएस गर्नुपर्ने कम्पनीले जनाएको छ । यी कोडहरु क्याम्पेनको वेबसाइट स्प्राइट डट कम डट एनपीमा पनि पठाउन सकिन्छ । एसएमएसमार्फत इन्टर गर्न, सहभागीहरुले मेसेज बक्समा कोक लेखी एक स्पेस छाडेर लेबल युनिक कोड लेखेर फेरि एक स्पेस छाडी आफ्ना पूरा नाम टाइप गरी ३४००१ मा एसएमएस पठाउनुपर्ने हुन्छ । यसको विकल्पमा लेबलमा रहेको विशेष क्युआर कोड स्क्यान गर्न पनि सक्नेछन् । यो क्याम्पेन ३१ अक्टोबरसम्म चल्ने कम्पनीले जनाएको छ ।

# बिज एजुकेसनद्वारा 'युके एडमिसन विक' आयोजना

आर्थिक संवाददाता
काठमाडौं, असोज ४



बिज एजुकेसनले बेलायतमा अध्ययन गर्न जान चाहने विधार्थीलाई लक्षित गर्दै 'युके एडमिसन विक' आयोजना गरेको छ । गङ्गाघरस्थित आफ्नै कार्यालय परिसरमा आयोजित उक्त कार्यक्रममा युकेका प्रसिद्ध कलेज तथा युनिभर्सिटीका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बिज एजुकेसनका कन्ट्री म्यानेजर केदार प्रसाद भट्टराईले बेलायतमा रहेका विश्वविद्यालय र त्यहाँको शिक्षाको बारेमा जानकारी गराएका थिए । उनले बिज एजुकेसनले पछिल्लो समय युके अध्ययनमा नेपाली अभिभावक तथा विद्यार्थीहरुको रुचि बढ्दै गएको र उनीलाई युकेमा अध्ययनसम्बन्धी विभिन्न जिज्ञासा तथा कहुतुहलता समाधान गर्ने हेतुले कार्यक्रम आयोजना गरिएको बताए । कार्यक्रममा युनिभर्सिटीका प्रतिनिधिहरुले विधार्थीलाई युनिभर्सिटीमा उपलब्ध कोर्स, सुविधा, डकुमेन्टेसन, स्कलरसिप तथा अपलाई प्रोसेसलगायतका विषयमा परामर्श प्रदान गरेका थिए ।

# हस्पिटालिटी सेल्स एन्ड मार्केटिङ एसोसिएसनको वार्षिकोत्सव

आर्थिक संवाददाता
काठमाडौ असोज ४




हस्पिटालिटी सेल्स एण्ड मार्केटिङ एसोसिएसनको पहिलो वार्षिकोत्सव सम्पन्न भएको छ । होटेल उद्योगको प्रमुख अङ्ग मानिने सेल्स एण्ड मार्केटिङ विभागका प्रतिनिधि आबद्ध एसोसिएसनले आफ्नो वार्षिकोत्सव मनाएको हो ।

कार्यक्रममा देशभरिका सबैथरि होटेलका सेल्स एण्ड मार्केटिङ विभागका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । अघिल्लो वर्ष विशेष कार्यक्रम आयोजना गरी सेल्स एण्ड मार्केटिङ विभागका प्रतिनिधिहरुले एसोसिएसन गठन गरेका थिए । काठमाडौंको बुढानीलकण्ठस्थित तपेस रिसोर्टमा आयोजना भएको उक्त कार्यक्रममा सेल्स एण्ड मार्केटिङ विभागमा जोडिएका नयाँ तथा पुराना सदस्यहरुको भेटघाटसँगै एकअर्काको व्यवसायलाई कसरी सहयोग गर्न सकिन्छ भन्नेबारे छलफल समेत भएको थियो । प्याराडाइज इन काठमाडौंका बिजनेस डेभलपमेन्ट म्यानेजर दीपक पोखरेलले सेल्स एण्ड मार्केटिङ विभागमा जोडिएका नयाँ सदस्यलाई यसको महत्व बुझाइ थप नयाँ जनशक्तिलाई आकर्षित गर्नु एसोसिएसनको उद्देश्य रहने बताए ।

# ह्वावेको आयोजनामा 'सीड्स फर द फ्युचर समिट'



आर्थिक संवाददाता
काठमाडौं, असोज ४

ह्वावेले आसियान फाउन्डेसन र दक्षिणपूर्व एसियाका शिक्षामन्त्रीको संगठन (सीमईयो)सँगको सहकार्यमा 'सिड्स फर द फ्युचर समिट-२०२३' को आयोजना गरेको छ ।

ह्वावेको पहलमा एसिया-प्रशान्त क्षेत्रमा समावेशी डिजिटल प्रतिभा वृद्धिको लागि 'कनेक्ट, कल्टिभेट, कन्ट्रिब्युट फर इन्क्लुसिभ डिजिटल ट्यालेन्ट ग्रोथ इन एसियाप्यासिफिक'भन्ने नारालाई सार्थक बनाउन सो समिट आयोजना गरेको हो ।

समिटमा १९ एसिया प्यासिफिक देशका ९१ जना सहभागीहरुले भाग लिएका थिए । नेपालका पनि चार जनाले सो समिटमा भाग लिएको कम्पनीले जनाएको छ । यस सम्मेलनमा प्रविधि र सांस्कृतिक आदानप्रदान कार्यक्रम, ह्वावेको विश्वस्तरीय अनुसन्धान र विकास केन्द्र र मुख्यालयहरुको भ्रमणका साथै परम्परागत र आधुनिक चीनको अनुभव समावेश थियो ।

यस्तै, सम्मेलनमा ह्वावे र अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आईटीयू) ले एसिया-प्रशान्त क्षेत्रहरुमा डिजिटल सहकार्यका छ वटा प्रमुख क्षेत्रहरु आईसीटी नीति र नियमन, संयुक्त अनुसन्धान, समावेशी पूर्वाधार, डिजिटल क्षमता निर्माण, युवती तथा युवा सशक्तीकरण र डिजिटल अभ्यास साझेदारीमा केन्द्रित रहँदै संयुक्त घोषणा गरेका थिए । कार्यक्रम आसियान फाउन्डेसनका कार्यकारी निर्देशक डा पिटी श्रीसंगनमको नेतृत्वमा प्यानल छलफलद्वारा समापन गरिएको थियो ।

'सीड्स फर द फ्युचर' ह्वावेको पहलमा सञ्चालित कार्यक्रम हो, जहाँ भविष्यका डिजिटल क्षेत्रका नेतृत्वकर्तालाई प्रविधि र अन्तर-सांस्कृतिक अनुभवहरुका साथै टेक फर गुड परियोजनाहरुमार्फत सामाजिक समस्यालाई सम्बोधन गर्न सहयोग प्रदान गर्ने लक्ष्यका साथ सञ्चालित रहेको बताइएको छ ।

# आइसर मेगा सर्भिस क्याम्प सकियो




आर्थिक संवाददाता
काठमाडौ असोज ४

नेपालभरका ११ विभिन्न स्थानबाट सञ्चालन गरिएको आइसर मेगा सर्भिस क्याम्प सकिएको छ । यस क्याम्पमा २ हजार जनाभन्दा बढीले आफ्ना सवारीको सर्भिसिङमार्फत लाभ लिएका थिए ।

बतास एमएडब्लुले आइसर मेगा सर्भिस क्याम्पमा उपस्थित ग्राहकलाई छ महिनासम्म पार्ट्र्समा वारेन्टी प्रदान गरेको जनाएको छ । यसका साथै नियमित मर्मतसम्भारदेखि उच्च दक्ष प्राविधिक टोलीबाट अप्रत्याशित मर्मतको सुविधा पनि आइसरले आफ्नो ग्राहकलाई प्रदान गरेको छ । बिदाको समय तथा रात्रिकालीन सेवाका लागि आपतकालीन सेवा चौबिसै घण्टा सञ्चालन हुने र उक्त सेवा लिनका लागि टोल फ्रि नम्बर १६६००११५५५ मा फोन गरी चौबिसै घण्टा सेवा लिन सकिने जानकारी यस क्याम्पमा गराइएको थियो । बतास एमएडब्लूले सधैँ गुणस्तरीय सेवालाई आफ्नो उद्देश्यको रुपमा प्राथमिकता दिएको छ । व्यावसायिक सवारी साधनहरुका लागि उत्तम सम्भावित हेरचाह उपलब्ध गराउने प्रतिबद्धता, ग्राहकको अपेक्षाहरु पूरा गर्ने प्रयासकै कारणले यस उद्योगले मान्यता पाएको हो ।


**कुमारी बैंक लिमिटेड (साबिक: काष्ठमण्डप डेभलपमेन्ट बैंक लि.) काठमाण्डौको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०६/०५ गते आर्थिक दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक काष्ठमण्डप डेभलपमेन्ट बैंक लि.)को नाममा मालपोत कार्यालय धुलीखेल, काभ्रेपलान्चोकमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति (जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न यो ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय धुलीखेल, काभ्रेपलान्चोकमा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, श्रीखण्डपुर गा.वि.स./न.पा वडा नं. ७ स्थित कित्ता नं. २७१८ को क्षेत्रफल क्रमश: २-०-०-० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० असोज ११ गते** सम्म कुमारी बैंक लि.को शाखा कार्यालय धुलिखेलमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यलय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौ वा शाखा कार्यालय धुलिखेल स्थित कर्जा बिभागबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लेखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त गैह्र बैकिङ्ग सम्पत्ति व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असोज १२ गते दिनको १२:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको शाखा कार्यालय धुलिखेलमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रक्र्यानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको प्रधान कार्यालय अर्न्तगत कर्जा असुली बिभाग बागबजार काठमाण्डौमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८० असोज १२ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग, बागबजार काठमाण्डौ ०१-४२४८३२७



**सवारी साधनको लिलाम बिक्री सम्बन्धी सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८०/०६/०५ गते)**

यस वित्तीय संस्थाको स्वामित्वमा रहेको चालु अवस्थाको तपसिल बमोजिमको सवारी साधनको शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था वा फर्म कम्पनीहरुले यस वित्तीय संस्थाको सम्पर्क कार्यालयबाट बोलपत्र फारम रु १,०००/- तिरी तोकिएको शर्तको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव संस्थाको सम्पर्क कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ । लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्न अनुसार रहेको छ ।

| सवारीको किसिम | निर्माता कम्पनी र मोडल | बनेको साल | दर्ता नं. | न्यूनतम मुल्य |
|---|---|---|---|---|
| Car | Renault India, KWID RXT-0 (999 CC) | सन् २०१७ | बा.१९.च ६४७२ | १०,९८,३००/- |

**शर्तहरु:**

१. बोलपत्र फारम व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म तथा संस्थाको हकमा त्यस्तो फर्म वा संस्थाको दर्ता प्रमाण-पत्र, भ्याट/प्यान दर्ता प्रमाण-पत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखि फारम दस्तुर वापतको नगदै रकम (फिर्ता नहुने गरी) यस संस्थाको सम्पर्क कार्यालयमा बुझाई खरिद गर्न सकिनेछ ।
२. संस्थाबाट खरिद गरेको बोलपत्र फाराममा सकार गर्न चाहेको सवारी साधनको विवरण, आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गरी शिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुने छैन ।
३. बोलपत्रमा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको हकमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईने छ ।
४. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने धरौटी रकम यस वित्तीय संस्थाको प्रभु बैंक लि.लैनचौर शाखा काठमाडौंमा रहेको खाता नं. ०८६००८०२२४६००१०१ मा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा Goods For Payment Cheque बनाई संस्थाको सम्पर्क कार्यालयमा बोलपत्रका साथमा पेश गर्नुपर्ने छ ।
५. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयभित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन) बोलपत्र दर्ता गराई सक्नुपर्ने छ । प्राप्त बोलपत्र सूचना प्रकाशित भएको मितिले **८ औं दिन मध्यान्ह १:३० बजे** संस्थाको सम्पर्क कार्यालयमा बोलपत्रदाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निर्धारित समयमा बोलपत्रदाताका प्रतिनिधिहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन । बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा सोही समयमा बोलपत्रहरु खोलिनेछ ।
६. बोलपत्रवालाले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सवारी साधन आफ्नो नाममा नामसारी गरी सक्नुपर्नेछ । सकार गरी लिदा लाग्ने सम्पूर्ण सरकारी दस्तुर, कर शुल्क बोलपत्रवालाले आफै व्यहोर्नु पर्नेछ ।
७. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्वीकृत/अस्वीकृत बारे संस्थाबाट टुंगो नलागे सम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन । इन्कार गरेमा धरौटी रकम स्वत : जफत हुनेछ ।
८. अन्य थप कुनै कुरा बुझ्नुपर्ने भएमा वा सवारी साधन हेर्न चाहेमा यस संस्थाको सम्पर्क कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा बुझ्न सकिनेछ ।
९. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलान्चोक
फोन नं. ०१०-६३०००४
सम्पर्क कार्यालय : धापासी हाईट, काठमाण्डौ
फोन: ०१४-३७६५३६/ ०१४-३७११५७
इमेल : ashamicrofinance@gmail.com,
वेबसाइट : www.ashamicrofinance.com.np

Economic National Daily आर्थिक राष्ट्रिय दैनिक

## सम्पादकीय

# बिजुलीको नयाँ प्रस्ताव कार्यान्वयनमा शंका

जलस्रोतको धनी भएर पनि त्यसको उपयोग गर्न नसक्दा प्रतिफल पाइएको थिएन । त्यो कमजोरी हटाइने छ भनी विगतमा राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा नै उल्लेख गर्दै आइरहेको पाइन्छ । पछिल्लो समय भने सरकार आफैँले पनि जलस्रोतको उपयोग गरेर देशलाई समृद्ध बनाउने योजना बनाउन थालिएको देखाएको छ । त्यही क्रममा हालै सरकारले १२ वर्षमा २९ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सुनाएको छ । यदि यो कार्यान्वयनमा आयो भने यसले देशलाई कायाकल्प नै गराउने छ । तर रोग के हो भने घोषणाहरु कार्यान्वयनमा आएको पाइँदैन । नयाँ संविधानपछिको पहिलो आमनिर्वाचनले खडा गरेको दुईतिहाइको सरकारले आफ्नो कार्य प्रारम्भ गर्दाकै समयमा दश वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने भनी घोषणा गरेको थियो । त्यो कार्यान्वयनमा आएको भने यतिबेलासम्म त्यसको आधाउधी त उत्पादन भएको हुनुपर्ने थियो । यतिबेलासम्म विद्युत्को उत्पादन तीनहजारको हाराहारीमा पनि पुगेको छैन ।

हालै सरकारले प्रस्तुत गरेको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनाअन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गठन गरेको कार्यदलले आफ्नो प्रतिवेदनमा आगामी १२ वर्षभित्र विद्युत् उत्पादन क्षमता करिब २९ हजार मेगावाट पुर्‍याउने लक्ष्य प्रस्तुत गरेको हो । यदि यो कार्यान्वयनमा आयो भने वास्तवमा नै नेपालमा ऊर्जा क्रान्ति मान्नुपर्छ । यो हुँदैनहुने कुरा पनि होइन । नेपालको निकाशी गर्नयोग्य वस्तु जलविद्युत् नै हो । कार्यदलले मन्त्रालयलाई बुझाएको प्रतिवेदनमा आउँदो ०३५ सालभित्रमा कुल विद्युत् जडित क्षमता २८ हजार सात सय १३ मेगावाट हुने प्रक्षेपण गरेको छ । विजुलीको यो परिणाममध्ये १५ हजार मेगावाट विद्युत् निर्यात हुने र बाँकी आफ्नै देशमा खपत गरिने बताइएको छ । जलस्रोतको धनी भए पनि नेपालमा बिजुलीको उत्पादन र खपत दरिद्र अवस्थामा नै रहेको अवस्था छ । लामो समय कायम रहेर पछिल्ला केही वर्षदेखि मात्रै लोडसेडिङ हटेको हो । आजकै मितिमा पनि बिजुलीको वितरणलाई भरपर्दो बनाउन सकिएको छैन । बितेको वर्ष ०७९/८० को अन्त्यसम्म राष्ट्रिय विद्युत् प्रणालीमा २८ सय मेगावाट क्षमताको विद्युत् उत्पादन भइरहेको अवस्था छ । अब बाह्र वर्षमा सयको ठाउँमा हजारको अंक कायम हुनुपर्छ । यो लक्ष्य पूरा गर्ने हो भने जो सामान्य होइन तर असम्भव पनि छैन । करिब ८० हजार मेगावाट बिजुली उत्पादन हुने क्षमताको पहिचान भएको दशकौँ पहिले नै हो ।

विगतका उदाहरण हेर्दा धेरै तीता अनुभव छन् । अरूण तेस्रो जलविद्युत् आयोजना प्रस्ताव भएर निर्माण प्रारम्भको अन्तिम चरणमा पुगेर झण्डै तीन दशक जति रोकियो । पछि त्यो आयोजना त्यहीरूपमा ल्याउन सकिएन । १२ सय मेगावाटको बुढीगण्डकी बहुद्देशीय जलविद्युत् आयोजना निर्माणका लागि करिब १२ वर्षअघि कार्यालय खडा भएको थियो । तर पहिले आफैँ बनाउने र कहिले अरूलाई दिने भन्दाभन्दै अहिलेसम्म टुङ्गो लाग्न सकेको छैन । जलविद्युत् आयोजना निर्माणभन्दा दलीय र अझ नेताको स्वार्थ अघि सार्ने गरेका विगतका उदाहरण छन् ।

पछिल्लो समय नयाँ जलविद्युत आयोजना निर्माणका लागि केही नयाँ वातावरण सिर्जना भएको छ । त्यो भनेको छिमेकी देशको बजार खुल्नु हो । यतिबेला नै १२/१५ हजार मेगावाट बिजुली खपत हुनेगरी पछिल्ला दिन वार्तालाप र सम्झौताहरु भएका छन् । तर पनि तिनका सर्तले लगानीकर्ता खुम्चिन सक्छन् । यी बाधाहरूलाई मिलाउँदै लगेमा र प्रस्तावित लक्ष्य प्राप्त गर्नेगरी कार्यान्वयन भएमा यी प्रस्ताव वास्तवमा नै सह्रानीय नै हुन् ।।

## अर्थ — वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

### Option Money (विकल्पको पैसा)

खरीद विक्री सम्बन्धी विकल्प रोजाई खरीद गर्न भुक्तानी गरेको मूल्य । खरीद सम्बन्धी भएमा "आव्हान मूल्य" (Call Money) र विक्री सम्बन्धमा भएमा "प्रस्ताव मूल्य" (Put Money) भनिन्छ ।

### Optional Consumption (ऐच्छिक उपभोग)

उपभोक्ताको फाइदा र सुविधाको लागि किन्न आवश्यक नभएको वस्तु खरीद । उपभोक्ताको फाइदा र सुविधाका बस्तुहरू समय, समूह, स्थान र आयस्रोत अनुसार फरक फरक हुने गर्दछ । विलासी सामानहरू आवश्यक उपभोग बस्तुमा पर्दैनन् । यस्ता बस्तुहरू विक्रीको लागि विज्ञापन र प्रचार प्रसारको आवश्यकता पर्दछ तर आवश्यक बस्तुहरूको लागि विज्ञापन र प्रचार प्रसारको खासै आवश्यकता रहँदैन ।

### Optional Dividend (ऐच्छिक लाभांश)

एक भन्दा बढी प्रकारको भुक्तानी हुने लाभांश । जस्तै शेयरधनीले नगद वा शेयरको रूपमा आफ्नो ईच्छा अनुसार प्राप्त गर्न सक्ने लाभांश ।

### Ordinary Annuity (सामान्य वर्षाबन्दी)

निर्धारण गरिएको प्रत्येक अवधि समाप्तिपछि भुक्तानी गरिने रकम ।

### Ordinary Interest (सामान्य व्याज)

३६० दिनलाई एक वर्ष मानी वार्षिक व्याजदरको हिसाबमा कायम गरिने साधारण ब्याज ।

# खोइ शिक्षकमैत्री वातावरण ?



बाबूकाजी कार्की

> *बालमैत्री शिक्षणविधि अपनाउन आवश्यक ज्ञान, सीप र पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता भएमा शिक्षकले धकफुकाएर रमाइलो वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उत्सुक हुन्छन् । बालबालिकाले घरपरिवार साथीभाइ समाज तथा विभिन्न सञ्चारका माध्यमबाट विज्ञान र प्रविधिमा भएका पछिल्ला जानकारी प्राप्त गरी सकेका हुन्छन् । उनीहरूले प्राप्त गरेका जानकारीको जीवनोपयोगी प्रयोग कसरी गर्न सकिन्छ भन्नेबारे आवश्यक ज्ञान, सीप र अभिवृत्ति प्रदान गरेर विद्यार्थी, अभिभावक, समुदायलगायत सरोकार पक्षको आस्था र विश्वास जित्न शिक्षकले आफू निरन्तर नवीन ज्ञान र सीपबाट सुसज्जित हुनुपर्छ ।*

शिक्षक परिवर्तनको संवाहक हुन् । शिक्षण पेशा सबै पेशाको जननी हो । किनकि शिक्षकले डाक्टर, इन्जिनियर, वकिल, प्रशासक आदि उत्पादन गर्छन् । तथापि कतिपय अवस्थामा आफैँले जन्माएका पेशाका पदाधिकारीबाट शिक्षक प्रताडित भएको गुनासो स्वयम् शिक्षकबाटै सुनिन्छ । यस्तो विडम्बनापूर्ण अवस्था शिक्षक उत्प्रेरणा र शिक्षकमैत्री विद्यालय निर्माणमा तगारोका रूपमा रहेको छ । यसप्रकारको नकरात्मक सोचलाई बेलैमा सम्बोधन गर्नु न्यायोचित कदम हो । भनाइ पनि छ, समाजमा आकर्षक पेशा मानिएको एक जना डाक्टरले गल्ती गर्दा एक जनाको ज्यान जान सक्छ, एक जना इन्जिनियरले गल्ती गर्दा भवन पुल भत्केर दुर्घटना परी केही मानिसको जीवन जोखिममा पर्न सक्छ । तर एक जना शिक्षकले गलत शिक्षा दिएमा एक पुस्ताको भाग्य र भविष्य नै तहसनहस हुन्छ । अन्ततः देशको उन्नति प्रगतिमा गम्भीर आघात पुग्छ । तसर्थ कुनै पनि अर्थमा शिक्षण पेशालाई कम आँक्नु अपरिपक्व र अदूरदर्शी सोच हो ।

शिक्षक उड्यो भने विद्यार्थी दौडिन्छ । शिक्षक दौडियो भने विद्यार्थी हिँड्छ । शिक्षक हिँड्यो भने विद्यार्थी बस्छ । शिक्षक बस्यो भने विद्यार्थी सुत्छ । शिक्षक सुत्यो भने विद्यार्थी मर्छ । यो चिनियाँ प्रख्यात भनाइ हो । अर्थात् राम्रो योग्यता भएको पेशाप्रति समर्पित शिक्षकले मात्र विद्यार्थीको आवश्यकता र चाहनाअनुसार शिक्षण गर्न सक्छ । शिक्षण सिकाइ क्रियाकलाप शिक्षक, पाठ्यक्रम र विद्यार्थीबीचको सन्तुलित त्रिकोणात्मक सम्बन्धमा मात्र अर्थपूर्ण हुने यथार्थ हो । विद्यार्थी र पाठ्यक्रमबीच रोचक र जीवन्त सम्बन्ध कायम राख्ने प्रमुख दायित्व शिक्षकको हो । शिक्षकको योग्यता, क्षमता र पेशाप्रतिको समर्पणले पाठ्यक्रमको मर्म र विद्यार्थीको चाहनाबीच समन्वयमा उत्साहजनक गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिन्छ । गुणस्तरीय शिक्षारूपी डुङ्गाको बहना शिक्षकको हातमा हुन्छ । सावधानीपूर्वक शिक्षकले बहना राम्रोसँग चलाउन नसकेमा विद्यार्थीको भाग्य र भविष्य डुब्छ, चौपट हुन्छ । अतः सामाजिक, आर्थिक रूपान्तरण गरेर समृद्ध नयाँ नेपाल बनाउन शिक्षकको अन्य पेशाभन्दा कम जिम्मेवारी र जवाफदेही छैन । शिक्षकको योग्यता, क्षमता, जिम्मेवारी र जवाफदेहितालाई भरपूर सदुपयोगको व्यवस्थापनका लागि सरोकार पक्षले सदैव चिन्ता र चिन्तन लिनुपर्छ । प्रस्तुत लेखमा शिक्षकमैत्री विद्यालय बनाउन आवश्यक आधारका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

विद्यालयको शैक्षिक क्रियाकलापलगायतका गतिविधिमा शिक्षकको सक्रिय र सकारात्मक सहभागितामा मात्र विद्यालयलाई गुणस्तरीय शिक्षा हासिल गर्ने उत्कृष्ट शिक्षण संस्थाको रूपमा स्थापित गर्न सकिन्छ । बालमैत्री विद्यालयको बारेमा धेरै चर्चा, लगानी र समय खर्च भइसकेको छ । तर विद्यार्थीको उपलब्धिस्तरमा खासै परिवर्तन नभएको अध्ययन अनुसन्धानले पुष्टि गरेको छ । यस प्रकारको शैक्षिक क्षतिको न्यूनीकरण गर्ने उपाय खोजिनुपर्छ । जुन पेशाप्रति समर्पित शिक्षकको लगनशीलताबाट मात्र सम्भव छ । विद्यार्थीको चौतर्फी विकासका लागि आवश्यक बालमैत्री विद्यालयको व्यवस्थापन गर्न शिक्षकको पनि अहम् भूमिका हुन्छ । कक्षाकोठाको व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलापको स्तरले बालमैत्री विद्यालयको हैसियत निर्धारण गर्छ । शिक्षण सिकाइ क्रियाकलापको तर्जुमा गर्ने प्रमुख दायित्व शिक्षकको हो । शिक्षकले शिक्षण सिकाइ क्रियाकलापको अतिरिक्त विद्यालयका गतिविधिमा हौसलापूर्वक सहभागिता जनाउने ऊर्जाशील शिक्षकमैत्री वातावरणमा मात्र बालमैत्री विद्यालयको परिकल्पना साकार हुन्छ । बालमैत्री विद्यालय बनाउने गहन दायित्व बोकेका शिक्षकका लागि विद्यालयमा मैत्रीपूर्ण वातावरण छ त ? अध्ययनको विषय बन्नुपर्छ । शिक्षकका पेशागत संस्थाहरूले पटकपटक आफ्नो पेशागत हकहितका लागि गर्ने आन्दोलनलाई समयमा नै सम्बोधन कसरी गर्न सकिएला ? नीति निर्माताहरूको चिन्ता र चिन्तनको विषय बन्नुपर्छ । शिक्षकले आफ्नो पेशागत सुरक्षा र मर्यादाको दिगो सुनिश्चित महसुस गर्न राज्यले शैक्षिक नीतिनियममा के-के कुरामा परिमार्जन गर्नुपर्ला ? नीति निर्माताहरु गम्भीर हुनुपर्छ । शिक्षकमैत्री विद्यालय बनाउन विद्यालय व्यवस्थापन समितिले के-कस्तो नीति र रणनीति अवलम्बन गर्नुपर्ला ? शिक्षाविद् तथा सरोकारवालाले आपसमा छलफल गरी अनुभव र सिद्धान्तलाई समायोजन गरी व्यावहारिक निष्कर्षमा पुग्नु सार्थक निकाश हुन्छ । शिक्षकमैत्री विद्यालयमा मात्र बालमैत्री वातावरणको परिकल्पना यथार्थमा फस्टाउन सक्छ । तसर्थ, शिक्षकले आफ्नो योग्यता र क्षमतालाई विद्यालयमा सहजतापूर्वक प्रदर्शन गर्ने खालको शैक्षिक, भौतिक तथा मानवीय वातावरणको चुस्तदुरूस्त व्यवस्थापन अपरिहार्य हुन्छ । विद्यालयको व्यवस्थापन र सञ्चालनमा शिक्षकको सक्रिय सहभागिताले विद्यालयको प्रगतिमा अर्थपूर्ण योगदान पुग्छ । शिक्षकमैत्री विद्यालय बनाउन विविध पक्षहरूमा ध्यान दिनुपर्छ । निर्णय प्रक्रियामा शिक्षकको सहभागिता, यथेष्ट भौतिक पूर्वाधार, शिक्षण विषय र विधि छनोटमा स्वायत्तता, विद्यालय व्यवस्थापन समितिको सकारात्मक भूमिका, प्रधानाध्यापकको कुशल नेतृत्व, स्वच्छ वातावरणलगायत शिक्षक उत्प्रेरणाका अन्य विभिन्न पक्षहरूको अवलम्बन आदिलाई प्रमुख मानिन्छन् ।

**निर्णय प्रक्रियामा शिक्षकको सहभागिता**

विद्यालयमा शिक्षकहरूको बाहुल्यता बढी हुन्छ । हरेक गतिविधिमा उनीहरूको जाँगरिलो सहभागिताको आवश्यकता पर्दछ । शिक्षकको अपनत्व, जवाफदेहिता र उत्तरदायित्व बढाउन विद्यालयले बनाउने नीति तथा कार्यक्रममा उनीहरूको सक्रिय सहभागितालाई प्रोत्साहन गरिनुपर्छ । यसै तथ्यलाई ध्यानमा राखेर विद्यमान शिक्षा ऐन नियमले विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघमा शिक्षकको उपस्थितिलाई अनिवार्य गरेको छ । विद्यालयको आर्थिकलगायत शिक्षक तथा विद्यार्थीको आचरसंहिता निर्माण, मूल्याङ्कन आदिको निर्णय प्रक्रियामा शिक्षकलाई सहभागी गराएमा कार्यान्वयनमा सुगमता मात्र नआएर जवाफदेहिता र उपलब्धि पनि उच्च रहने यथार्थ हो ।

**भौतिक पूर्वाधार**

विद्यालयको भौतिक पूर्वाधार शिक्षकमैत्री विद्यालयका लागि आधारस्तम्भ हो । विद्यालय भौतिकरूपमा स्वच्छ, स्वस्थ र साधनस्रोत सम्पन्न चित्ताकर्षक भएमा स्वतः गुणस्तरीय शिक्षालाई प्रवर्द्धन गर्छ । विद्यालय भवन, कक्षाकोठा, पुस्तकालय, फर्निचर, खेल्ने चौर, खानेपानी, शौचालय, प्रयोगशाला, छात्रावास, चमेना गृहलगायतका स्थान र सामग्रीहरु शिक्षकको आवश्यकता र क्षमताअनुसार सहज पहुँच हुने तथा लैंगिक एवम् अपाङ्गमैत्री हुनुपर्छ । कक्षाको पठनपाठनको अतिरिक्त समयमा आराम र अर्को कक्षाका लागि तयारी गर्न साधनस्रोत सम्पन्न स्वस्थकर कोठाको व्यवस्था हुन जरूरी छ ।

**शिक्षण विषय र विधि**

शिक्षकले आफूले पढाउने विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण विधिबारे गहिरो अध्ययन र रूचि हुनुपर्छ । शिक्षकले अध्ययन गरेर विशेष दखल हासिल गरेको विषयमा मात्र पढाउने व्यवस्था गरिनुपर्छ । विद्यमान प्रावधानअनुसार प्राथमिक तहका शिक्षकले सबै कक्षामा सबै विषय पढाउने अवधारणालाई अंगीकार गरेको छ । शिक्षाको जगको रूपमा रहेको प्राथमिक तहको पठनपाठनलाई विशेष महत्व दिनुपर्छ । अतः शिक्षाको जगलाई मजबुत बनाउन सबैभन्दा योग्यतम् जनशक्तिलाई प्राथमिक शिक्षकमा नियुक्ति गर्नु बुद्धिमानी ठहर्छ । साथै, शिक्षकलाई विषयगत विशेषज्ञबाट सुसज्जित मात्र नगरेर उनीहरूलाई उच्च मनोबलका साथ पेशाप्रति समर्पित हुन उत्प्रेरित गर्नुपर्छ । शिक्षक तालिम शिक्षक र विद्यार्थीको आवश्यकता र पाठ्यक्रमको मर्मलाई आत्मसात गरेर तर्जुमा गरिनुपर्छ ।

बालमैत्री शिक्षणविधि अपनाउन आवश्यक ज्ञान, सीप र पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता भएमा शिक्षकले धकफुकाएर रमाइलो वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उत्सुक हुन्छन् । बालबालिकाले घरपरिवार साथीभाइ समाज तथा विभिन्न सञ्चारका माध्यमबाट विज्ञान र प्रविधिमा भएका पछिल्ला जानकारी प्राप्त गरी सकेका हुन्छन् । उनीहरूले प्राप्त गरेका जानकारीको जीवनोपयोगी प्रयोग कसरी गर्न सकिन्छ भन्नेबारे आवश्यक ज्ञान, सीप र अभिवृत्ति प्रदान गरेर विद्यार्थी, अभिभावक, समुदायलगायत सरोकार पक्षको आस्था र विश्वास जित्न शिक्षकले आफू निरन्तर नवीन ज्ञान र सीपबाट सुसज्जित हुनुपर्छ । निरन्तर अध्ययन गरी राख्ने भएकाले शिक्षक कहिल्यै बुढो हुँदैन । आफ्नो शिक्षणबाट विद्यार्थीको उपलब्धि उत्साहजनक भएमा शिक्षक स्वयम्लाई सन्तुष्टि मिल्छ । पेशाप्रति थप आस्था र गर्भको महसुस हुन्छ । अतः उपरोक्तानुसार शिक्षकमैत्री वातावरण बनाउन सरोकार पक्ष चनाखो रहनुपर्दछ ।

**विद्यालय व्यवस्थापन समितिको भूमिका**

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय संरचनासहितको योग्यतम शिक्षकको चयन हुनु पहिलो सर्त हो । विद्यमान शिक्षा नीतिअनुसार शिक्षकको नियुक्तिलगायत पेशागत वृत्ति विकासका योजना तथा कार्यक्रम ल्याउने प्रमुख दायित्व व्यवस्थापन समितिको हो । तर अहिले व्यवस्थापन समितिको गठनमा देखिएका अशोभनीय र अनियमित गतिविधिले व्यवस्थापन समितिका पदाधिकारीहरूले तोकिएको काम कर्तव्य र अधिकारको दुरूपयोग नगर्लान् भन्न सकिन्नँ । अझ व्यवस्थापन समितिको गठन समझदारीमा भन्दा पनि अघोषितरूपमा पार्टीको प्यानलको रूपमा उम्मेदवार उठ्ने र चुनाव नै गरेर हारजीतको आधारमा पदाधिकारी चयन गरेको पाइन्छ । यो विद्यमान शिक्षा ऐन नियमको मर्म र भावना प्रतिकूल हो । शिक्षण संस्थाको विकास र विस्तार गर्दै गुणस्तरीय शैक्षिक वातावरण बनाउन राजनीतिको अनावश्यक प्रवेश हुनबाट अछुतो राख्नुपर्छ । शिक्षकको कार्यदक्षताको मूल्याङ्कन पारदर्शी र वस्तुनिष्ठ बनाउने, हाम्राभन्दा राम्राको शिक्षकमा प्रवेश गराउने र विशुद्ध सामाजिक सेवा गर्ने भावनाबाट प्रेरित व्यवस्थापन समितिले मात्र शिक्षकमैत्री वातावरण सिर्जना गर्न सक्छ । अतः व्यवस्थापन समिति र शिक्षकबीच सुमधुर सम्बन्ध र सहकार्यबाट मात्र गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । व्यवस्थापन समितिले शिक्षकलगायत समग्र विद्यालय परिवारको अभिभावकत्व भूमिका निर्वाह गर्न सक्नुपर्छ । उदार एवम् निस्कलंक छवि भएका समाजसेवी, शिक्षाप्रेमी र निःस्वार्थ चरित्र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि पूर्वसर्त हुनुपर्छ ।

**प्रधानाध्यापकको भूमिका**

विद्यालयको शैक्षिक, व्यवस्थापकीय तथा प्रशासनिक कार्यका लागि राज्यको तर्फबाट स्थायी नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवार व्यक्तिको रूपमा प्रधानाध्यापकलाई चिनिन्छ । विद्यमान शिक्षा ऐन नियमको परिधिभित्र रहेर योग्यता, क्षमता, अनुभव तथा ज्येष्ठतालाई समेत ध्यानमा राखी प्रधानाध्यापकको चयन गरिनुपर्छ । पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया तथा विकेन्द्रित जिम्मेवारीजस्ता सुशासनका आधारभूत कुरालाई प्रधानाध्यापकले आफ्नो मार्गदर्शन बनाउनुपर्छ । शिक्षकको कार्यको अनुगमन निरीक्षणलगायत कार्यक्षमताको निष्पक्षतापूर्वक मूल्याङ्कन गरी आवश्यक सल्लाह सुझाव सौहार्द वातावरणमा दिनुपर्छ । प्रत्येक शिक्षकको वैयक्तिक पृष्ठभूमि तथा उनीहरूको लक्ष्यको बारेमा जानकारी राख्नाले उनीहरूको दुःखसुखको साथी बन्न सहयोग पुग्छ । अतः शिक्षकमैत्री वातावरण बनाउन सके मात्र एक अब्बल र सफल प्रधानाध्यापक बन्न सक्ने यथार्थलाई बिर्सन हुन्न ।

**स्वस्थ र अनुशासित वातावरण**

विद्यालयको मानवीय तथा भौतिक वातावरण स्वस्थ, स्वच्छ र चित्ताकर्षक हुनुपर्दछ । शिक्षकले विषय र पाठले मागेअनुसार धकफुकाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उत्साहित हुन्छन् । बालबालिकाले पनि शिक्षकको पठनपाठनप्रति आकर्षित हुन्छन् । जसबाट एकातर्फ शिक्षकलाई आत्मसन्तुष्टि प्राप्त हुने भएकाले पेशाप्रति थप उत्साहित बनाउँछ भने अर्कोतर्फ रमाइलो वातावरणमा मात्र बालबालिकाको शारीरिक तथा मानसिक विकास सन्तुलितरूपमा हुन्छ । कक्षाकोठा, धारा, शौचालय, खेल्ने चौर, बाटो नियमित सरसफाइ तथा फोहोरमैलाको उचित व्यवस्थापन गरिनुपर्छ । शिक्षक स्टाफको स्वस्थकर बानी व्यहोराले बालबालिकाको बानी व्यहोरामा पनि सकारात्मक प्रभाव पार्छ । सामाजिक, धार्मिक संस्कार संस्कृति, मानवीय सद्भाव र सहयोग तथा भातृत्वको भावनालाई उच्च प्राथमिकता दिएर नविनतम् ज्ञान र सीपबाट सुसज्जित भइसफल जीवनयापन गर्न सक्षम नागरिक उत्पादनका लागि अनुशासित शैक्षिक वातावरण अपरिहार्य हुन्छ । विद्यालयमा अनुशासित वातावरण कायम राख्न व्यावहारिक आचारसंहिता तथा त्यसको सहजरूपमा परिपालन गर्ने निष्पक्ष परिपाटी अवलम्बन गरिनुपर्छ । अनुशासनको नाममा गरिने मानसिक तथा शारीरिक यातनालाई पूर्णरूपमा बर्जित गर्दै लोकतान्त्रिक मूल्यमान्यताअनुरूप कक्षा तथा विद्यालय सञ्चालन गर्ने संस्कारको विकास गरिनुपर्छ । शिष्ट, सदाचार, सौहार्द एवम् नम्र बानीव्यहोरालाई प्रोत्साहित गर्ने मानवीय वातावरण विद्यालयमा हुनुपर्छ । बन्चरोले भन्दा बचनले चिरेको घाउ गहिरो हुन्छ भन्ने यथार्थलाई बिर्सन हुँदैन । शिक्षक विद्यार्थीको स्वाभिमानमा ठेस पुग्ने व्यवहार गरिनुहुन्न । विद्यालयले अख्तियार गरेका नीति र रणनीति कतिको प्रभावकारी भए, भविष्यमा कस्तो सुधार ल्याउनुपर्ला भन्ने उपाय खुट्याउन निरन्तर अनुगमन निरीक्षण गरिनुपर्छ । जसले योजना तथा कार्यक्रम र अनुशासनमा देखिएका कमी कमजोरीलाई सच्याउने र सच्चिने मौका प्रदान गर्छ ।

शिक्षकमैत्री विद्यालय बनाउन विद्यालयसँग प्रत्यक्ष परोक्ष सरोकार राख्ने खासगरी विद्यार्थी, अभिभावक, समुदायलगायतका संघसंस्था र पदाधिकारीहरूको निरन्तर सकारात्मक सल्लाह सुझाव अपरिहार्य हुन्छ । शिक्षकले पनि आफ्नो योग्यता क्षमतालाई निरन्तर परिमार्जन र परिष्कृत गर्न प्राप्त सुझावलाई सदासयतापूर्वक ग्रहण गर्न हिचकिचाउनु हुँदैन । सुझावको आवश्यकता र औचित्यका आधारमा मार्गदर्शनको रूपमा अवलम्बन गर्नु बुद्धिमत्तापूर्ण काम हो । अतः विद्यालय शिक्षकमैत्री बनाउनका लागि विद्यार्थी, अभिभावक, समुदाय समेतका सुमधुर र सौहार्द दिगो सम्बन्ध हुनु पूर्वसर्त हो । पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, विकेन्द्रित जिम्मेवारी आदिले विद्यालयप्रति अपनत्व भावनाको विकास भई मैत्रीपूर्ण वातावरण सिर्जना गर्न टेवा पुग्छ ।

शिक्षण पेशा निश्चय नै अन्य पेशाको तुलनामा बढी परिश्रम, जवाफदेही तथा समयको महत्वलाई बुझेर व्यवस्थापन गर्नुपर्ने मर्यादित पेशा हो । शिक्षकले एक दिनमा सामान्यतया विभिन्न कक्षाका विभिन्न संस्कार र संस्कृतिमा हुर्केका कम्तीमा दुई सय विद्यार्थीलाई पढाउनुपर्ने हुन्छ । अझ प्राथमिक विद्यालयमा त घण्टी बजाउने, झ्यालढोका लगाउने खोल्ने, सरसफाइ गर्ने समेत शिक्षकले नै गर्नुपर्ने बाध्यता छ । त्यस्तै, विद्यालयको अतिरिक्त क्रियाकलाप, बैठकहरु, विभिन्न सरकारी गैरसरकारी संघसंस्थासँगको सहकार्य बैठक आदिमा सहभागी हुनुपर्ने बाध्यता शिक्षकलाई हुन्छ । यसरी धेरै कार्यबोझले थिचिएका शिक्षकहरु कतिपय अवस्थामा पेशाप्रति निराश भएका छन् । यस्तो विषम् परिस्थितिमा शिक्षकमैत्री विद्यालयको अपेक्षा चुनौतीपूर्ण छ । शिक्षकको आधारभूत आवश्यकताको अतिरिक्त थप सुविधाको आकर्षण र ढाढसबाट विद्यालयमा शिक्षकमैत्री वातावरण बनाउन टेवा पुग्छ । शिक्षकलाई शिक्षण पेशाप्रति निष्ठापूर्वक लाग्न उत्प्रेरित गर्न उनीहरूको आवश्यकताको वर्गीकरण गरेर प्राथमिकताका आधारमा उपलब्ध गराउनुपर्छ ।

शिक्षाका नीतिनियम र योजना शिक्षक विद्यार्थीलाई सर्वोपरी मानी उनीहरूको हितलाई केन्द्रविन्दुमा राखेर बनाउनु पर्दछ । परम्परागत प्रविधि र प्रवृत्तिमा परिमार्जन परिष्कृत गर्दै बासी विषयवस्तुको सट्टा समयको माग तथा विद्यार्थीको रूचि क्षमता र आवश्यकता एवम् चाहनाअनुसार नवीनतम् साझी वा ताजा विषयवस्तु तथा शिक्षणसिकाइ क्रियाकलाप तर्जुमा र प्रयोग सौहार्द वातावरण भएमा बालबालिका विद्यालयबाट भागेर घरमा होइन घरबाट भागेर विद्यालयमा जान्छन् । जसलाई शिक्षक तथा बालमैत्री विद्यालयको महत्वपूर्ण सफल सूचकको रूपमा लिन सकिन्छ । सचेत अभिभावक, समर्पित शिक्षक, कुशल व्यवस्थापक तथा अनुशासित विद्यार्थी एवम् शिरमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमान्दारी बोकेका व्यवस्थापन समिति पदाधिकारी, प्रधानाध्यापकलगायत सरकारी निकायका पदाधिकारीहरूको सहकार्य, सहमति, समन्वय, समझदारी, सद्भाव ,समन्वय र समीक्षा(सात स)मा मात्र शिक्षक तथा बालमैत्री विद्यालय फस्टाउन सक्ने यर्थाथ हो । वास्तवमा बालमैत्री विद्यालय बनाउनका लागि पहिला शिक्षकमैत्री विद्यालय हुनुपर्छ भन्ने वास्तविकतातर्फ हेक्का राख्न बिर्सनु हुँदैन ।

## सम्पादकलाई चिठी

E-mail: aarthik.dainik@gmail.com

# धरानमा गाई-गोरु काटे देशैभरि आलोचना भएजस्तै एमसीसीमा पनि आवाज उठ्नुपर्ने हो

बाघ उफ्रिन्छ झारमा । जनताले जति भने पनि कान नै सुन्दैनन् ठूला भनिने राजनीतिक दलहरु । जनता मरे पनि के भयो र उनीहरूलाई ?

हुतित्याउको खुटादेखि चाल पाएजस्तै सानैदेखि लाएको बानी उनीहरूलाई । भस्मासुरलाई महादेवले वरदान दिएजस्तै भयो उनीहरूलाई । शासन सत्तामा पुग्न, एक पोस्टबाट अर्को पोस्टमा पुग्नलाई जिल्लाजिल्लाको ठूला भनिने कांग्रेस, एमाले, माओवादी सबै पार्टीहरूले घम्साघम्सी हुन्छ । व्यक्तिमा इमान्दारिता हुनुपर्ने थियो त्यो भएन । गलत प्रवृत्ति भएपछि कसको के लाग्छ । भोज भतेर गर्छन्, जाडरक्सी खुवाउँछन् । एक भोटको पाँच हजारदेखि छ हजारमा किन्छन् ।

डडेल्धुरामा पनि शेरबहादुर देउवाले पाँचपटक प्रधानमन्त्री बन्न पैसाकै शक्ति देखाएका छन् । न कुरा सुन्ने हो न कुरा बुझ्ने हो । जहिले बोल्दा पनि नुन नभएको तरकारीजस्तै भएको छ । चरित्र राम्रो भए सारा ठाउँमा राम्रो हुन्छन् । शासक वर्गको हालत त्यस्तै देखिएको छ । ठूलो पार्टीहरु कांग्रेस, एमाले र माओवादी समेत जस्तो नेता उस्तै कार्यकर्ता । दूधको साक्षी बिरालो र काल पर्खनु बुढी मरून भन्नेजस्तै हिजोको दिनमा मासु र भातमा लठ्ठ परेर इज्जतको ख्याल भएन । आज आएर मल एक बोराको तीनदेखि चार हजार रूपैयाँ तिर्नुपर्‍यो । एक भोटको पाँच हजारमा बेचेको बल्ल आज आएर थाहा पाइयो । के गर्न कति सज्जन मान्छेले इमान्दारीपूर्वक मेरो उम्मेदवार मेरो छोराजस्तो चन्द्र सूर्यजस्तो पार्टी होस् भनेर मनको भाव उनीमाथि खनी खाइनखाइ भोक प्यास नभनी योग्य व्यक्ति बनोस् भनेर मैले हाडनातालाई अहिले एकपटक तपाईं हामी मिलेर पुल बनेर पुलको काम गर्नुछ भनेका थिए । तर सपनाजस्तै भयो । श्रमदान गरेको सारा काम तुसारा पात भयो । हरि बिजोक भइदियो । देशको लागि माया गरेको सर्पलाई मिट बनाएजस्तो भयो । आज आएर मेरो देश भ्रष्ट भयो । कुन समयमा सर्पले डस्ने हो थाहा पायो । यहाँ इमान्दारी डाक्टर, इन्जिनियर विद्वानहरु आलुबारीमा ख्याकजस्तै भइदियो । अझै पनि म मरे पनि देश द्रोहीहरु अपराधीलाई छाड्नुहुँदैन । एमसीसी पास गर्नेहरु सैतान हो ।

धरानमा गाई-गोरू काटे देशैभरि आलोचना भएजस्तै एमसीसीमा पनि आवाज उठ्नुपर्ने हो । तर किन उठेनन् । एमसीसी पास गर्नेलाई पशुपति मन्दिरमा प्रवेश निषेध गर्नुपर्ने हो । भोलिको सन्ततिलाई माया नगर्नेलाई देश निकाला गर्नुपर्छ । छाती ठोकेर पास गर्ने कांग्रेसको के बुद्धि होला । अलिकति जनभावना भएको एमालेको बुद्धि कसरी निदायो होला । माओवादीको बाध्यात्मक चरित्रहीन काम कसले नबुझेको हो र ? भुटानी शरणार्थी प्रकरण, ललिता निवासको जग्गा प्रकरण, १०० केजी सुन प्रकरण । साँचो अर्थमा हामीले गठबन्धन भनेको देश बेच्नेलाई बचाउनका लागि कानुन नलाग्ने भयो । देशद्रोही माधव नेपाल, बाबुराम भट्टराई, आरजु देउवाहरूलाई कानुन कहिले लागेन । तल्लो वडामा बस्ने मान्छेलाई कानुन लाग्ने, ठूलावडा बस्नेलाई कानुन नलाग्ने कस्तो संविधान र कस्तो न्यायालय ? जनताको पिरमार्का नै नबुझ्ने त्यो शासक वर्ग नै होइन । ढिलो चाँडो राम्रो नराम्रो पर्दाफास हुन्छ । अर्काको आङमा जुम्रा हिँडेको देख्ने आफ्नो आङमा भैँसी हिँडेको नदेख्ने । दशैं आयो खाउला पिउँला धत् पापी म त छुट्टै बसौँला ।

*–तुल्सीनारायण लाखेमरु*
*सूर्यविनायक ८, भक्तपुर*

### भारत–क्यानडा तनाव

# कूटनीतिज्ञ कटौती गर्न नयाँ दिल्लीको माग

एजेन्सी, असोज ४ । एक सिख पृथकतावादीको हत्याको विषयलाई लिएर उत्पन्न विवाद चर्किंदै गएपछि नयाँ दिल्लीले भारतमा रहेका क्यानाडेली कूटनीतिक कर्मचारी कटौतीको माग गरेको छ । भारतले भिसा सेवा पनि बन्द गरेको जनाएको छ ।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत जुनमा भ्यानकुभरनजिकै हरदीप सिंह निज्जरको हत्यामा भारतीय एजेन्टको भूमिका रहेको भन्ने आरोपलाई गम्भीरताका साथ लिन भारतसँग माग गरेका छन् । यस परिणामले निज्जरको हत्यामा भूमिका खेलेको कुनै पनि भनाइलाई 'बेतुकको हल्ला' भन्दै भारतले आरोपको खण्डन गरेको र कूटनीतिक अधिकारीको निष्काशनको मार्गलाई अँगालेको थियो ।

यो आरोपले विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारत र जी-७ सदस्य क्यानडाबीचको तनावपूर्ण सम्बन्ध नयाँ उचाइमा पुगेको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले कूटनीतिक उपस्थितिमा समानता हुनुपर्ने माग राखेको बताएका छन् । 'हामीले क्यानाडा सरकारलाई कूटनीतिक उपस्थितिमा समानता हुनुपर्छ भनेर सूचित गरेका छौँ', उनले भने, 'यहाँ उनीहरूको संख्या क्यानाडामा हाम्रोभन्दा धेरै छ । त्यसमा कमी हुनुपर्छ भन्ने मलाई लाग्छ ।'

नयाँ दिल्लीले पनि क्यानडामा भिसा आवेदनहरू ह्यान्डल गर्न बन्द गरेको बताएको छ, 'सुरक्षा खतराहरू' कारक देखाउँदै उनीहरूले यसले आफ्ना अधिकारीहरूको काममा 'बाधा' पुऱ्याइरहेको बताएका छन् । 'हालका लागि क्यानडाको सुरक्षा अवस्था र क्यानडा सरकारको अकर्मण्यताका कारण हामीले अस्थायीरूपमा भिसा सेवा बन्द गरेका छौँ', बागचीले भने ।

केही घण्टाअघि क्यानडाको उच्चायोगले आफ्ना कर्मचारीलाई 'विभिन्न सामाजिक सञ्जालमा धम्की' दिएपछि भारतमा रहेका कूटनीतिज्ञको संख्या 'समायोजन' गर्ने बताएको थियो । क्यानडाको नियोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तनाव बढेको वर्तमान वातावरणलाई मध्यनजर गर्दै हामी हाम्रा कूटनीतिज्ञहरूको सुरक्षा सुनिश्चित गर्न कदम चालिरहेका छौँ ।' विज्ञप्तिमा भनिएको छ, 'परिणामस्वरूप, र सावधानीको प्रचुरताको कारण, हामीले अस्थायीरूपमा भारतमा कर्मचारीहरूको उपस्थिति समायोजन गर्ने निर्णय गरेका छौँ ।'

क्यानाडेली नियोगले त्यहाँबाट बाहिरिने व्यक्तिको संख्याबारे विस्तृत विवरण नदिए पनि आफ्ना कार्यालयहरू 'खुला र सञ्चालन' भएको बताउँदै आफ्ना कर्मचारीको सुरक्षा सुनिश्चित गर्न आह्वान गरेको छ । *रासस*

# भारतीय बैंकिङ प्रणालीमा तरलता अभाव

■ एजेन्सी
भारत, असोज ४




भारतीय वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव देखिएको छ । भारतीय बैंकिङ प्रणालीको तरलता १४ खर्ब ७० अर्ब भारतीय रूपैयाँ (भारू)ले तल झरेको छ ।

भारतीय केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डिया (आरबीआई)ले अनिवार्य नगद अनुपात (सीआरआर)को सीमा बढाइदिएपछि बैंकिङ प्रणालीमा ठूलो रकम होल्ड भएको र यसले वित्तीय प्रणालीमा तरलता अभाव देखापरेको विश्लेषकहरूले बताएका छन् । यस्तै जीएसटी र अग्रीम कर भुक्तानीका कारण बैंकिङ प्रणालीबाट ठूलो रकम सरकारी ढुकुटीमा पुगेको छ । गतसाता कर्पोरेटहरूले अग्रीम कर र जीएसटी भुक्तानी गर्दा बैंकिङ प्रणालीबाट २५ खर्ब भारू बाहिरिएको थियो । यिनै कारण तरलतामा दबाब परेको बैंकहरूले दाबी गरेका छन् ।

तरलतामा चाप परेपछि बैंकहरूले केन्द्रीय बैंकबाट १९ खर्ब ७० अर्ब भारू कर्जा सुविधा लिएका छन् । तरलतामा असर परेपछि आरबीआईले सीआरआरको सीमा तल झार्ने तयारी गरिरहेको बताएको छ ।

# शताब्दी पुरानो तोशिबाको विरासत समाप्त

■ एजेन्सी
जापान, असोज ४

विद्युतीय उपकरण उत्पादनका लागि विश्वविख्यात जापानी कम्पनी तोशिबाले आफ्नो ८० प्रतिशत सेयर बिक्री गरेको छ । तोशिबाले बिहीबार आफ्नो युग समाप्त भएको घोषणा गर्दै कम्पनीको ८० प्रतिशत सेयर एउटा निजी समूहलाई बिक्री गरेको जनाएको छ ।

सन् १८७५ मा स्थापना भएको तोशिबा कम्पनी १९औँ शताब्दीमा जापानको आर्थिक पुनरूत्थान र प्राविधिक क्षेत्रमा नवप्रवर्तनको पर्याय बनेको थियो । ७० वर्षसम्म सेयरबजारमा सूचीकृत कम्पनी अब त्यसबाट हट्ने प्रमुख कार्यकारी अधिकृत तारो सिमादाले बताएका छन् । 'तोसिबा समूहले अब नयाँ सेयरधनीका साथ नयाँ भविष्यतर्फ ठूलो कदम चाल्नेछ,' बिहीबार एक विज्ञप्ति निकालेर उनले भनेका छन् ।

जापानमा मात्र नभएर विदेशमा पनि घरायसी ब्राण्ड बनेको तोसिबा कम्पनीले प्रारम्भिककालमा ल्यापटप कम्प्युटर, लिफ्ट र आणविक पावर स्टेसनहरूदेखि माइक्रोचिपसम्म निर्माण गर्दै आएको थियो । सन् २०१५ मा भएको आर्थिक घोटाला र अमेरिकी आणविक सहायक वेस्टिङहाउसबाट अर्बौं डलरको घाटा व्यहोर्नुपरेपछि केही वर्षदेखि कम्पनी संकटमा फसेको थियो ।


## संयुक्त उर्जा लिमिटेडको

### संस्थापक शेयरधनीहरुलाई शेयर वापतको रकम दाखिल गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०५

संयुक्त उर्जा लिमिटेड नेपालको कानून बमोजिम प्राइभेट लिमिटेडबाट पब्लिक कम्पनीको परिणत हुँदा संस्थापक शेयरधनीहरुले यस कम्पनीमा शेयर वापत लगानी गर्न कबूल गरि भुक्तानी हुँन बाँकी रहेको शेयर वापत प्रति शेयर रु. १००/- का दरले यस कम्पनीको बैंक खातामा जम्मा गरी सोको भौचर यस कम्पनीको रजिष्टर्ड कार्यालयमा यो सूचना प्रकाशन भएको ३० (तीस) दिन भित्र उपलब्ध गराईदिन हुन कम्पनी ऐन, २०६३ को दफा ५३(२), कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था एवं सञ्चालक समितिको मिति २०८०/०५/२६ मा सम्पन्न दोस्रो बैठकको निर्णयानुसार अनुरोध गर्दछौं । थप जानकारीका लागि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गर्दछौं ।

**संयुक्त उर्जा लिमिटेड**
रजिष्टर्ड कार्यालय : ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुर
फोन नं. ०१-५९०६०४४, ईमेल : samyuktaurja@gmail.com

## हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लिमिटेड (ह्याम्स अस्पताल)

बुढानिलकण्ठ न.पा. ९, काठमाडौं।

### आर्थिक वर्ष २०७९/०८० को वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. को मिति २०८०।६।१ गते बसेको संचालक समितिको बैठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८(३) बमोजिम २१ दिन अगावै शेयरधनीहरूलाई वार्षिक साधारण सभाको सूचना दिनु पर्ने व्यवस्था बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरू छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरूलाई सूचित गरिन्छ ।

**सभा हुने :**
मिति :२०८०।६।२६ गते शुक्रबार ।
समय :दिनको २:00 बजे ।
स्थान :कम्पनीको कार्यालय का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ९

**छलफलका विषयहरू :**
(१) सामान्य प्रस्ताव:
(क) आ.व. २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
(ख) आ.व. २०७९/८० लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरू सम्बन्धमा ।
(ग) कम्पनीको आ.व. २०८०/८१ को हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(घ) संचालक समितिको गठन सम्वन्धमा ।
(ङ) नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।
(२) विशेष प्रस्ताव:
(क) कम्पनीको प्रबन्धपत्र र निमायवली संशोधन सम्वन्धमा ।
(ख) IPO निष्काशन सम्वन्धमा ।
(ग) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन तथा IPO निष्काशन सम्वन्धमा संचालक समितिलाई अख्तियारी सम्वन्धमा ।
(घ) बोनश शेयर वितरण सम्वन्धमा ।
(३) विविध ।

HAMS HOSPITAL
Evidence Based Medicine
ISO 9001:2015 Certified
SINCE 1997

हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लिमिटेड (ह्याम्स अस्पताल)
(दर्ता नं.३१५००८)
का.जि. बुढानिलकण्ठ न.पा. वडा नं. ९

नोट : २०८० असोज ४ गते आर्थिक दैनिक पत्रिकामा प्रकाशित सूचनामा केही त्रुटी भएकोले सच्याइएको छ ।

## दरौंदी नदी जलविदुत आयोजना -९.८४ मे.वा. को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/०६/०५

गण्डकी प्रदेशको गोरखा जिल्लाको गोरखा नगरपालिका वडा नं. १२,१३ र १४, पालुङटार न.पा. वडा नं. ०९ र शहिद लखन गा.पा वडा नं. १,२ र ३ मा अवस्थित मनकामना दरौंदी हाईड्रोपावर कम्पनी लिमिटेड द्वारा प्रस्ताव गरिएको ९.८४ मे.वा. क्षमता रहेको अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मनकामना दरौंदी हाईड्रोपावर कम्पनी लिमिटेड<br>ठेगाना: बागबजार, काठमाण्डौ म.न.पा. २८, नेपाल<br>फोन नं.: ९८५१०१८१४३, इमेल: mdhydro75@gmail.com |
| **प्रस्तावको व्यहोरा** | दरौंदी नदी जलविद्युत आयोजना अर्धजलाशययुक्त (PRoR-6 hours) आधारित आयोजना हो। प्रस्तावित आयोजना अक्षांश २७°५७'४०"-२७°५५'१०" उ. र देशान्तर ८४°३२'००"-८४°३३'३५" पु. को बीचमा भएर बग्ने दरौंदी नदीमा अवस्थित रहेको छ। यस आयोजनाको प्रमुख संरचनाहरुमा डाइभर्जन व्यारेज, इन्टेक, ग्राभेल ट्राप, स्याण्ड फ्लाशिङ्ग चेम्बर, हेडरेस टनेल, सर्ज ट्यांक, पेनस्टक पाइप, विद्युतगृह, टेलरेस, स्वीचयार्ड र प्रसारण लाइन रहेका छन्। डिजाइन डिस्चार्ज (Design Discharge) २७.९७ घन.मि/सेकेन्ड रहेको छ र यस आयोजनाले दरौंदी नदीको पानी उपयोग गर्नेछ। यस आयोजनाको Barrage axis दरौंदी नदी र खार खोलाको दोभानबाट २.५ कि.मी. तल समुन्द्री सतहबाट ३४० मि. दरौंदी नदीमा अवस्थित रहने छ भने विद्युतगृह दरौंदी नदी र मर्स्याङ्दी नदीको दोभानबाट २.५ कि.मी. माथिल्लो तटीयमा समुद्री सतहबाट २६० मि. दरौंदी नदीको दाँया किनारामा अवस्थित रहने छ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./गा.पा** | गण्डकी प्रदेशको गोरखा जिल्लाको गोरखा नगरपालिका वडा नं. १२,१३ र १४, पालुङटार न.पा. वडा नं. ०९ र शहिद लखन गा.पा वडा नं. १,२ र ३ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा., गा.पा., वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | मनकामना दरौंदी हाईड्रोपावर कम्पनी लिमिटेड<br>ठेगाना: बागबजार, काठमाण्डौ म.न.पा. २८, नेपाल<br>फोन नं.: ९८५१०१८१४३, इमेल: mdhydro75@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | श्री गणेश इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा. लि.<br>कलंकी, काठमाडौं महानगरपालिका वडा नं १४, काठमाडौं,<br>फोन नं. : ९८५१०१८१५३ |

## उर्लाबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ्ग
कोशी प्रदेश, नेपाल

### बर्णशंकर मकैको बीउ खरिदको लागि ई–विड मार्फत बोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८०/०६/०५

यस उर्लाबारी नगरपालिकाको तपसिल बमोजिमको खरिद कार्य विद्युतिय दरभाउपत्र E–BID को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपशिलसमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्र दाताहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

तपसिल :

| सि.नं. | प्याकेज नं. | खरिदको आईटम | ईकाई | परिमाण | जात | फारम दस्तुर | जमानत रकम | सूचना अवधी |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०८०-०८१ | बर्णशंकर मकैको बीउ | के.जी. | १२७२<br>२१९२ | टि.एक्स ३६९<br>पायनियर ३३९६ | ३,०००।- | ६६,५४०।- | ३० दिन |

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
## सडक डिभिजन, नेपालगञ्ज

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८०/०६/०५

यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं. TNN02/080/81 अनुसार ठे. नं. RDNGJ/33701169/080/81–04 र RDNGJ/33701169/080/81–05 मा पेश भई प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावमा सफल भई न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएका तपशिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्का नम्बर | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अंक रु. (मु.अ.कर र पि.एस. समेत) |
|---|---|---|---|
| 1. | RDNGJ/33701169/ 080/81-04 | M/S Hari-Prema-Kali Gandaki JV, Manma-02, Kalikot | 41395415.01 |
| | RDNGJ/33701169/ 080/81-05 | M/S KCPL-MC-CC JV, Thakurbaba-9, Bardiya | 28520888.75 |

डिभिजन प्रमुख

## Baudikali Rural Municipality
### Office of Rural Municipal Executive
Dedhgaun, Nawalparasi (Ba.Su.Pu.)
Gandaki Province, Nepal

### Invitation for Online Bid

Date of publication: **2080-06-05 (2023 Sept. 22)**

1. Baudikali Rural Municipality has allocated funds towards the cost of Civil Works and intends to apply the funds to cover eligible payments under the contract which is open to all eligible payments under the Contract which is open to all eligible Nepalese Bidders.
2. Baudikali Rural Municipality, Office of Municipal Executive Invited Electronic Bids from eligible bidders for the following projects under national Competitive Bidding procedures.

| Identification No. | Description of Works | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for Bid Documents/Bid Security |
|---|---|---|---|---|---|---|
| BRM/NCB/WORKS-01/2080/81 | Industrial Area Compound Wall Construction | NCB-WORKS | 99,63,626.03 | 3,000.00 | 2,50,000.00 | 90 days/ 120 days after Bid opening |

3. Bank and Bank account for the purchase of bid document and Bid Security deposit are as follows.

| Account Number for Bid document purchase | Account Number for Bid Security Deposit |
|---|---|
| Bank Name: Global IME Bank Ltd. Baudikali Branch<br>Account No.27104010000009 | Bank Name: Global IME Bank Ltd. Baudikali Branch<br>Account No.27104010000001 |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Baudikali Rural Municipality, office of Rural Municipal Executive, Dedhgaun, Nawalparasi (Ba. Su. Pu.), 9857046264 www.baudikalimun.gov.np or may visit PPMO's website www.bolpatra.gov.np.
5. Any Amendment in the tender notice will be posted in the notice board at office and PPMO's Website www.bolpatra.gov.np/egp. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
6. Last Date of Bid Submission: 2080-07-12 (2023 Oct. 29) 12:00 PM & Opening Date: 2080-07-12 (2023 Oct. 29) 14:00

**Chief Administrative Officer**

# ग्लोबल आईएमई बैंकको ६५औँ एक्सटेन्सन काउन्टर सिराहाको कल्याणपुरमा

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

ग्लोबल आईएमई बैंक लिमिटेडले सिराहा जिल्लाको कल्याणपुर नगरपालिका वडा नं ११, कल्याणपुरमा ६५ औँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ सेवाको आवश्यकतालाई मध्यनजर गर्दै ग्लोबल आईएमई बैंक मिर्चैया शाखाको मातहतमा रहने गरी यो एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो । एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ सेवा दिने, रेमिट्यान्सको सुविधा प्रदान गर्नेलगायत सबै किसिमका साधारण बैंकिङ सेवा उपलब्ध हुने बताइएको छ ।

ग्लोबल आईएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले तीन सय ५० वटा शाखा कार्यालय, तीन सय ६८ वटा एटीएम, तीन सय २२ शाखारहित बैंकिङ सेवा, ६५ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी एक हजार एक सयभन्दा बढी



सेवा केन्द्रबाट ४० लाखभन्दा बढी ग्राहकमाझ सेवा प्रदान गरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङलगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# प्रदेश सरकार र बीमा

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

नेपाल बीमा प्राधिकरणको आयोजनामा 'प्रदेश सरकार र बीमा' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । बिहीबार बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को



कार्यालयमा आयोजित कार्यक्रमको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले उद्घाटन गरेका हुन् ।

प्रदेशका दुर्गम स्थानमा रहेका पालिकाहरूमा बीमासम्बन्धी जनचेतना अभिवृद्धि र पहुँच विस्तारका लागि सहकार्यका साथ अघि बढ्न आग्रह गरे । मुख्यमन्त्री जम्कट्टेलले ग्रामीण क्षेत्रका नागरिकसम्म बीमाको पहुँच पुऱ्याउन र बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल एवम् सहज बनाउन ध्यानाकर्षण गरे ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेश बीमा नीति निर्माणका साथै बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रदेश सरकारसँग सहकार्य गर्न प्राधिकरण तयार रहेको बताए । अध्यक्ष सिलवालले प्रदेश सरकारले अनुदानको रकम घटाएर विपन्न वर्गको बीमा गर्नु उपयुक्त हुने सुझाव दिँदै बीमाबाट विपन्न वर्गको आर्थिक रक्षावरण हुनुका साथै गरिबी न्यूनीकरणमा समेत योगदान पुग्ने बताए ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी समग्र विषयमा प्रस्तुति गरेका थिए । कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बीमाका बारेमा नागरिकलाई जानकारी दिई बीमा गर्न प्रेरित गर्नुपर्ने, प्रदेश सरकारले नै लोपोन्मुख जातिको बीमा गर्नु उचित हुने, बीमा दाबी भुक्तानी प्रक्रिया सरल एवम् सहज हुनुपर्ने, बीमा कम्पनीहरू गाउँगाउँमा जानुपर्ने, बीमा कम्पनीले निर्जीवन बीमा खुशी भएर गर्ने तर बीमा दाबी दिँदा भने दुःख दिने प्रवृत्ति हटाउनुपर्ने, बीमालेखलाई सरल र छोटो बनाउनुपर्नेलगायतका धारणा राखेका थिए ।

कार्यक्रममा बागमती प्रदेशका मन्त्री, प्रमुख सचिव, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक, प्रदेश योजना आयोगका पदाधिकारी, प्रदेश मन्त्रालयहरूका सचिव, जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतलगायतको सहभागिता रहेको थियो ।

## सङ्क्षिप्त

### एनआरएन इन्फ्रास्ट्रक्चरको प्रमुख कार्यकारीमा बस्याल

काठमाडौं (आर्थिक) । एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदमा हेमन्त बस्याल नियुक्त भएका छन् । कम्पनीको यही असोज दुई गते मंगलबार बसेको सञ्चालक समितिको एक सय २४ औँ बैठकले प्रमुख कार्यकारी अधिकृतको पदमा बस्याललाई नियुक्त गरेको जानकारी दिएको छ ।

नवनियुक्त प्रमुख कार्यकारी बस्यालको कार्यकाल यही असोज सात गतेदेखि सुरू भई आगामी चार वर्षसम्म कायम रहने कम्पनीले जानकारी दिएको छ । प्रमुख कार्यकारी नियुक्तिको बोधार्थको पत्र कम्पनीले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिस्ट्रडको कार्यालय, सीडीएस एण्ड क्लियरिङ लिमिटेड र सानिमा क्यापिटल लिमिटेडलाई उल्लेख गरेको छ ।

### हिमालयन लघुवित्तद्वारा सेयर रूपान्तरण

काठमाडौं (आर्थिक) । हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडले सेयर रूपान्तरण गरेको छ । संस्थाले हाल कायम रहेको सेयर संरचना परिवर्तनको लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाल स्टक एक्सचेन्ज समक्ष धितोपत्रको संरचना अभिलेख गर्न अनुरोध गरेको थियो ।

सोही अनुरोधअनुसार संस्थाको कुल ३१ लाख ९८ हजार उक्त सय ८१ दशमलव ३० कित्ता सेयरमध्ये परिवर्तित पुँजी संरचनापश्चात् कायम भएको संस्थापक सेयरधतर्फ १६ लाख ३१ हजार ७२ दशमलव ४६ र सर्वसाधारण समूहतर्फ १५ लाख ६७ हजार एक सय आठ दशमलव ८३ कित्ता सेयर अनुपात कायम रहने गरी सेयर रूपान्तरण गरेको हो । यसअनुसार अब संस्थामा संस्थापक तथा साधारण सेयरधनी समूहको अनुपात ५१ र ४९ प्रतिशत कायम भएको छ ।

बकैया गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
मकवानपुर
बाग्मती प्रदेश, नेपाल

बकैया गाँउपालिका स्थित चम्पाखहरे खोला को विभिन्न स्थानहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०५)

बाग्मती प्रदेश, मकवानपुर, जिल्ला अन्तर्गत बकैया गाँउपालिका स्थित चम्पाखहरे खोलाको विभिन्न स्थानहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बकैया गाँउपालिका, फोन ९८५५०८८०६६, इमेल : bakayagaunpalika@gmail.com, वेबसाइट : https://bakayamun.gov.np/ |
| प्रस्तावको व्यहोरा | बकैया गाँउपालिका स्थित चम्पाखहरे खोलाको विभिन्न स्थानहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने |
| प्रभाव पर्नसक्ने जिल्ला/गा.पा./न.पा. | बकैया गाँउपालिका, मकवानपुर, बाग्मती प्रदेश, नेपाल |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका (हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|
| बकैया गाँउपालिका, फोन ९८५५०८८०६६<br>इमेल : bakayagaunpalika@gmail.com,<br>वेबसाइट : https://bakayamun.gov.np/ | Entech Civil Solutions p.Ltd., काठमाडौं, नेपाल, फोन ९८४१८८५७२०<br>इमेल : ecsconsultancynep@gmail.com |

साथै राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गैरहेको हुदा सम्पुर्ण सरोकारवालालाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

| मिति | समय | स्थान |
|---|---|---|
| २०८०-०६-१४ | दिउसो २ बजे | ३ नं. वडा कार्यालय |

गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक सुचना प्रकाशित मिति :- २०८०/०६/०५

गेरुवा गाउँकार्यपालिकाको कार्यालयले तपशिलको मितिमा आह्वान गरेको तपशिलका ठेक्काको लागि दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्रहरुको मुल्यांकन गर्दा यस कार्यालयको तपशिलको मितिको निर्णय बमोजिम तपशिलको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नं | कामको विवरण | बोलपत्र आह्वान मिति | पेश भएका बोलपत्रहरुको संख्या | सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र दाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|---|
| १ | Goods/GRM/NCB/01/2080-081 | Procurement of Supply and Delivery of Medical, Medicine and Sergical Equipment | २०८०।०४।१३ | ४(चार) | Sirjana Medicine Suppliers Nepalgunj 04 Banke | २०८०।०६।०४ | ६,९५,८४६।१६ (छ लाख पनचानब्बे हजार आठ सय छियालिस रुपैया सोह्र पैसा |

प्रमुख प्रशासकीय अधिकृत

# सनराइज क्यापिटलको पुँजीबजारसम्बन्धी साक्षरता अभियान

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

सनराइज क्यापिटल लिमिटेडले बिटा एनालिटिक्स प्रालिको सहकार्यमा, पुँजी बजार साक्षरता सुधार गर्न र युवा पुस्तालाई सशक्तीकरण गर्न संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रहेर सह्रानीय कदम चालेको छ । कम्पनीले भदौ २४ गते देखि २७ गतेसम्म नेपालगञ्ज, लुम्बिनी प्रदेश (प्रदेश ५), सुर्खेत, कर्णाली प्रदेश (प्रदेश ६) र धनगढी, सुदूरपश्चिम प्रदेश (प्रदेश ७) का विभिन्न कलेजहरूमा लगानी सचेतना तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिएको छ । उक्त कार्यक्रमबाट सनराइज क्यापिटल लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व पूरा गर्नुका साथै नयाँ पुस्तालाई पुँजीबजार सम्बन्धमा साक्षर बनाउन र सेयरबजार लगानीसम्बन्धी व्यावहारिक तथा आधारभूत ज्ञान प्रदान गर्न सफल भएको छ ।




उक्त कार्यक्रम भदौ २४ गते धनगढीको सुदूर पश्चिमाञ्चल एकेडेमी (एसपीए कलेज) र भदौ २५ गते ऐश्वर्या बहुमुखी क्याम्पसमा सम्पन्न गरिएको थियो । जसमा दुई सय ५० भन्दा बढीको सहभागी रहेको र विशेष गरेर स्नातक तहका विद्यार्थीहरु सो कार्यक्रमबाट लाभान्वित भएका थिए । यस्ता कार्यक्रमले विद्यार्थीलाई पुँजीबजारको सूक्ष्म ज्ञान प्रदान गर्नुका साथै लगानी रणनीतिहरु, बजार विश्लेषण र वित्तीय योजनामा लियो आधार प्रदान गर्न सहयोगी हुनेछ भन्ने यो कम्पनीको ठम्याई रहेको छ । सनराइज क्यापिटलको पुँजीबजार लगानी सचेतना कार्यक्रम भदौ २६ गते प्रदेश ५ नेपालगञ्जस्थित बाँके बागेश्वरी क्याम्पसका गैरव्यावसायिक तर प्राविधिक, आईटी र इन्जिनियरिङ स्नातक तहका विद्यार्थीलाई पुँजीबजारका विषयवस्तुका बारे सामान्य ज्ञान तथा सीप सशक्तीकरण गर्ने उद्देश्यले आयोजना गरेको थियो । कार्यक्रम प्राविधिक विशेषज्ञता र वित्तीय ज्ञानबीचको अन्तरलाई न्यून गर्न फलदायी रहेको बुझिन्छ । साथै, भदौ २७ गते कर्णाली प्रदेश ६, सुर्खेतमा एक अग्रगामी शैक्षिक संस्था सुर्खेत मोडल कलेजमा आयोजित कार्यक्रममा विद्यार्थी समुदायबाट अत्याधिक सकारात्मक प्रतिक्रिया प्राप्त गर्न सफल रहेको क्यापिटलको तर्फबाट इन्भेस्टमेन्ट बैंकिङ प्रमुख विनोद आलेले जानकारी दिए ।

पुँजीबजार साक्षरता तथा लगानीकर्ता सचेतना कार्यक्रम देशको सात वटै प्रदेशमा गर्न सनराईज क्यापिटल सदा अग्रसर रहेको सनराइज क्यापिटल लिमिटेडका कार्यकारी प्रमुख विजयलाल श्रेष्ठले जानकारी दिए । यस अभियानको नेतृत्व सनराइज क्यापिटलका इन्भेस्टमेन्ट बैंकिङका प्रमुख विनोद आलेले गरेका थिए, जसमा धितोपत्र कारोबार, लगानी रणनीति, जोखिम व्यवस्थापन, डिम्याट, पोर्टफोलियो व्यवस्थापन, म्युचुअल फण्ड, मर्चेन्ट बैंकिङ, अनुसन्धान र सल्लाहकार र प्रणालीगत लगानीलगायतका मुख्य क्षेत्रहरूमा केन्द्रित गरिएको थियो । नेपालको पूर्वी प्रान्तमा यस पहललाई निरन्तरता दिने र विस्तार गर्ने योजनासहित कार्यक्रमको औपचारिक समापन गरिएको थियो ।

# हिमालयन बैंकका ग्राहकलाई छुटैछुट

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

हिमालयन बैंकले आफ्ना ग्राहकलाई देशका एक सय ६० भन्दा बढी स्थानमा छुटको व्यवस्था गरेको जनाएको छ । बैंकका अनुसार ग्राहकमाझ सेवा अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौं, पोखरा, चितवनलगायत एक सय ६० भन्दा बढी स्थानमा २० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको हो ।

ग्राहकले देशका विभिन्न स्थानमा रहेका होटल, रेस्टुरेन्ट, अस्पताल, ल्याब, डायग्नोस्टिक सेन्टर, गहना गृहका साथै कपडा, चस्मा, घडी, मोबाइल, ल्यापटप, खेल सामग्री, फर्निचरलगायतको खरिदमा छुट पाउन सक्ने बैंकले जनाएको छ । यसैगरी कस्मेटिक, बुटिक, सलुन, ट्राभल एण्ड ट्रेक र एडभेन्चर टुरिज्ममा पनि छुट पाउने व्यवस्था मिलाइएको छ ।

बैंकले सम्बन्धित व्यवसायीसँगको सहकार्यमा ग्राहकलाई २० प्रतिशतसम्म छुटको व्यवस्था गरेको हो । छुट सुविधा प्राप्त गर्न ग्राहकले बिल लिनु पहिले बैंकको डेबिट/क्रेडिट कार्ड वा चेक बुक देखाउनु पर्नेछ । छुट पाउने स्थान बढाएर दुई सयसम्म पुऱ्याउने तयारी रहेको बैंकले जनाएको छ ।

# समृद्धि फाइनान्सको बचत योजना

आर्थिक संवाददाता
काठमाडौं, असोज ४

समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हालको समय सापेक्षलाई मध्यनजर गर्दै समृद्धि बचत धमाकाको योजनाअघि ल्याएको छ । उक्त योजनाअन्तर्गत ग्राहकले समृद्धि फाइनान्सको धमाका योजनामा आफ्नो बचतलाई ७५ महिना २० दिनमा दोबर, एक सय १९ महिना २८ दिनमा तीन गुणा, एक सय ७५ महिना २१ दिनमा पाँच गुणा र दुई सय २७ महिनामा आठ गुणासम्म बढाउन सक्ने बताइएको छ । साथै, रेमिट्यान्स् बचत धमाका योजनाअन्तर्गत बचतकर्ताले आफ्नो बचतलाई ६९ महिना २३ दिनमा दोबर, एक सय १० महिना १७ दिनमा तीन गुणा, एक सय ६१ महिना २९ दिनमा पाँच गुणा र दुई सय नौ महिना आठ दिनमा आठ गुणासम्मको उच्चतम प्रतिफल पाउन सक्नेछन् ।




त्यस्तै, समृद्धि फाइनान्सले बचत तथा मुद्दती खातामा पनि उच्चतम ब्याजदर दिइरहेको छ । बचतमा १० प्रतिशतसम्म र मुद्दतीमा ११ दशमलव ७५ प्रतिशतसम्म ब्याजदर प्रदान गरिरहेको छ । संस्थाले निक्षेपकर्तालाई प्रोत्साहन होस् भनेर अधिकतम ब्याजको योजना अघि सारेको बताएको छ । नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल तेह्रवटा शाखामार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ भने आरटीजीएस, आईपीएस, कनेक्ट आईपीएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा समेत प्रदान गरिरहेको बताइएको छ ।

## रामेछाप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रामेछाप बजार, रामेछाप, बागमती प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

(सूचना प्रकाशित मिति : २०८०/०६/०५ )

यस कार्यालयको मिति २०८०/०३/२७ मा तपशिल बमोजिम बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्ताव मुल्यांकनमा निम्नानुसारको बोलपत्रदाताले तोकिए बमोजिमको सर्तहरु पुरा गर्न सफल भएको हुँदा बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०६/१२ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ)को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | बोलपत्रको नम्वर र कामको विवरण | प्रविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु |
|---|---|---|
| 1 | RM/22/079-080, Construction of Malagiri Yogashram at Ramechhap Municipality-8. | 1. Bhawana -SKR JV, Tarakeshwor,Kathmandu.<br>2. S.B. Brother Construction Pvt.Ltd., Bhimeshwor-6, Dolakha.<br>3. Singhadevi Nirman Sewa,Manthali-1,Ramechhap.<br>4. S. Ramechhap Construction Pvt.Ltd.,Ramechhap.<br>5. Brahamani Birupakshe JV, Manthali Ramechhap.<br>6. Shankar-Kailash-Cobra JV,Manthali, Ramechhap.<br>7. RB Siddartha onstruction Pvt.Ltd., Bhaktapur.<br>8. Prajil-Bogati JV,Manthali Ramechhap. |

प्रमुख प्रशासकीय अधिकृत

## देवताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढी गोठ, बारा, मधेश प्रदेश, नेपाल

(स्वास्थ्य शाखा)

### औषधी खरीद सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मिति २०८०/०६/०५

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित औषधी सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७९/०८० सम्मको कर चुक्ता गरेको, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी सहित नियमानुसार को वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको नाममा सिर्द्धाथ बैंक लि. पिप्राढी गोठ शाखामा रहेको आन्तरिक राजश्व खाता खाता नं.००२१५७४०१५६ मा जम्मा गरेको सककल भौचर सहित निवेदन पेश गरेपछी नियमानुसार बोलपत्रफारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा सिर्द्धाथ बैंक लि. पिप्राढी गोठ शाखामा यस कार्यालयको धरौटी खाता र खाता नं. ००२१५३६९६६० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बजेटको स्थिति अनुसार खरिद गरिने औषधीहरुको परिणाम थपघट हुन सक्नेछ ।

८) बोलपत्र दाताले आफ्नो फर्म कालो सुचीमा परेको छैन भनी फर्मको नामबाट स्वयम घोषणा गरेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र आफुले बोलपत्रमा उल्लेख गरेको औषधीहरुको नमुना शिलबन्दी गरी बोलपत्र दाखिला गर्दा सो समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९) बोलपत्र फारममा खरिद गरिने प्रत्येक औषधीको आइटमवाईज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नु पर्नेछ । यसरी उत्पादक कम्पनीको नाम उल्लेख नगरी पेश गर्ने फर्मको बोलपत्र मान्य हुने छैन

१०) बोलपत्र दाताले आफुले सप्लाई गर्नु पर्ने औषधीहरु कार्यालयमा सप्लाई गर्दा कार्यालयले गठन गरेको समितिको निरिक्षण तथा मुल्यांकन गराई सकेपछि मात्र स्टोर दाखिला गरिनेछ ।

११) स्वीकृत बोलपत्र दाताले मुल्य अंकित औषधीमा बढि दररेट राख्ने पाउने छैन । स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यक्ता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ । औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सक्नेछ ।

१२) आपुर्ति हुने सम्पुर्ण औषधीहरु WHO GMP Certified Company बाट उत्पादित भएको हुनु पर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधी आपुर्ति गर्नुपर्ने भएमा उक्त कम्पनीहरुको WHO/GMP सर्टिफिकेट अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

१३) सप्लाई हुने औषधीको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry date, ब्याच नम्बर तथा Supply For Ministry of Health and Population Nepal वा "नेपाल सरकारबाट निशुल्क वितरणको लागि" भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

१४) कुनै कारण देखाई वा नदेखाई, पूर्ण वा आशिंक रुपमा प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१५) यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१६) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१७) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टासँ गरिनेछ ।

१८) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र / ठेक्का नं. | कामको विवरण | इस्टिमेटेट रकम रू. | बोलपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०८०/८१ (स्वास्थ्य) | निशुल्क वितरणको लागि औषधी खरिद | रु. २२,६८,४१५।०० | रु. ३,०००।०० | रु. ५७,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

## नबिल बैंक लिमिटेड झलरी शाखा, कञ्चनपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०६/०५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

**१ ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भीमदत्तनगर कञ्चनपुरमा, मिति २०७५/०७/२७ मा प्रा.फ.र. नं. १८९/४६९१/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री बिर बेताल पोल्टी फर्म ।**
ठेगाना: कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका वडा नं. १, रडाह, कञ्चनपुर ।

ऋणी फर्मका प्रोप्राइटर :
धौल सिंह ऐरको नाति, मोहन सिंह ऐरको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. ६५३/१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०४३/११/०८ भएको **श्री सुरत बहादुर ऐर ।**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. पदम सिंह ऐरकी छोरी, मोहन सिंह ऐरकी बुहारी, सुरत ब. ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. १६४६ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०४६/२/८ भएकी **श्रीमती मिना देवी ऐर ।**
२. मोहन सिंह ऐरको नाति, सुरत बहादुर ऐरको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. २२९८०५४९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०६१/२/११ भएको **श्री गणेश बहादुर ऐर ।**
३. गगन सिंह ऐरकी छोरी, सुरत बहादुर ऐरकी बुहारी, गणेश बहादुर ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला, रै.वि. गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. ७५३०१४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०६६/११/४ भएकी **श्रीमती गंगा कुमारी ऐर ।**

**२ ऋणी नाम र ठेगानाको विवरण**

पदम सिंह ऐरकी छोरी, मोहन सिंह ऐरकी बुहारी, सुरत ब. ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. १६४६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०४६/२/८ भएकी **श्रीमती मिना देवी ऐर ।**

**जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. धौल सिंह ऐरको नाति, मोहन सिंह ऐरको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. ६५३/१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०४३/११/०८ भएको **श्री सुरत बहादुर ऐर ।**
२. मोहन सिंह ऐरको नाति, सुरत बहादुर ऐरको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. २२९८०५४९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मितिः बि.सं. २०६१/२/११ भएको **श्री गणेश बहादुर ऐर ।**
३. गगन सिंह ऐरकी छोरी, सुरत बहादुर ऐरकी बुहारी, गणेश बहादुर ऐरकी श्रीमती, कञ्चनपुर जिल्ला रै.वि. गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, नागरिकता नं. ७५३०१४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: कञ्चनपुर, मिति : बि.सं. २०६६/११/४ भएकी **श्रीमती गंगा कुमारी ऐर ।**

**संयुक्त धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरण :
कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. १ बस्ने, **श्रीमती मिना देवी** ऐरको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ८ सिट नं. ०२०१५०६ मा अवस्थित कि.नं. ६९८ क्षेत्रफल १०८० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

# अरुण- ३ मा भएको अवरोध तत्काल हटाउन माग

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरूण ३ जलविद्युत् आयोजना निर्माणमा भइरहेको अवरोध तत्काल हटाउन माग गरेको छ ।

विदेशी लगानीमा निर्माणाधीन आयोजनामा भइरहेको अवरोधले नेपालको जलविद्युत् विकासमा विदेशी लगानीलाई निरूत्साहित गर्ने हुँदा तत्काल समस्या समाधान गर्न इप्पानले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र गृह मन्त्रालयको ध्यानाकर्षण गराएको छ । आयोजना निर्माणका क्रममा निस्किएका कुनै पनि विवादलाई वार्ता र छलफलका माध्यमबाटै समाधान गरेर जान सकिने इप्पानका महासचिव बलराम खतिवडाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आयोजना र स्थानीयका बीचमा सरकारले मध्यस्थता गरेर भए पनि वार्ताबाटै निकाश दिन र आयोजनाको काम यथाशक्य चाँडो सुरू गराउन इप्पानले आग्रह गरेको छ ।

विगतमा पनि आयोजनाको विषयलाई लिएर विवाद हुँदा आयोजना बनाउन अघि सरेको विश्व बैंकले हात झिकेको कुरा इप्पानले स्मरण समेत गराएको छ । अहिले भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन) ले द्रुत गतिमा काम अघि बढाइरहेको बेला भएको अवरोधले ऊर्जा क्षेत्रमा सक्रियरूपमा लागेका स्वदेशी तथा विदेशी प्रवर्द्धकलाई दुःखी बनाएको इप्पानले उल्लेख गरेको छ । अरूण तेस्रो प्रवेशमार्गको छ्याङकुटी-दिदिङ पुख्वा सडकखण्डको मुआब्जा माग गर्दै स्थानीयले झण्डै तीन सातादेखि काम ठप्प पारेका छन् ।

स्थानीयको अवरोधका कारण अरूण तेस्रोको विद्युत्गृहस्थल र प्रवेशमार्गको काम रोकिएको छ । स्थानीयले प्रवेशमार्गको छ्याङकुटी-दिदिङ पुख्वा सडकखण्डको २४ किलोमिटर क्षेत्रको मुआब्जा माग गर्दै आएका छन् । स्थानीयका अनुसार छ्याङकुटीबाट पुख्वासम्म चार सय ५४ रोपनी जग्गाको मुआब्जा प्राप्त गर्न बाँकी छ । मुआब्जा रकम जिल्ला प्रशासन कार्यालयको खातामा नआएसम्म आन्दोलन जारी राख्ने स्थानीयको अडान छ । यसअघि जिल्ला प्रशासन कार्यालय संखुवासभामामा गठित छुट मुआब्जा निर्धारण समितिले गत वैशाख २६ गते छ्याङकुटी-दिदिङ सडकखण्डको प्रतिरोपनी ११ लाख ७५ हजार रूपैयाँ दिने निर्णय गरेको थियो । तर हालसम्म प्रभावितले मुआब्जा पाएका छैनन् ।

अरूण तेस्रो निर्माण गरिरहेको भारतीय सतलज जलविद्युत् निगमसँगको आयोजना विकास सम्झौता (पीडीए)मा स्थानीयको अवरोधका कारण काम रोकिए दैनिक आठ करोड रूपैयाँ नेपाल सरकारले क्षतिपूर्ति व्यहोर्नुपर्ने सर्त उल्लेख छ । आयोजना बनाउन एक खर्ब १५ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको भए पनि आन्दोलनलगायतका कारण लागत बढ्ने देखिन्छ ।

# सहुलियतपूर्ण कर्जाको प्रभावकारिता पुनरावलोकन गरिँदै

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको बैठकले सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिताबारे पुनरावलोकन गर्ने निर्णय गरेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतको अध्यक्षतामा बसेको बैठकले यसअघिको अध्ययन प्रतिवेदनको आधारमा पुनरावलोकन गर्ने निर्णय गरेको हो ।

राष्ट्र बैंकको एक अध्ययन प्रतिवेदनले सहुलियतपूर्ण कर्जा अनुत्पादक क्षेत्रमा प्रवाह भएको देखाएको छ । प्रतिवेदनमा प्रवाह भएको ऋण घरजग्गा खरिद गर्न र सवारीसाधन किन्न प्रयोग भएको उल्लेख छ । यस्तै लघुवित्त संस्थाबाट भइरहेको कर्जा व्यवस्थापन सम्बन्धमा प्रभावकारी नियमन गर्ने निर्णय पनि गरेको छ ।

समितिले विप्रेषणलाई औपचारिक माध्यामबाट भित्र्याउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने र रेमिट्यान्स बन्ड जारी गर्न कानुनी व्यवस्था र कार्ययोजना तयार पार्ने निर्णय पनि गरेको छ ।

त्यस्तै, डिजिटल बैंक स्थापना




गर्नेसम्बन्धी विद्यमान कानुनी व्यवस्थाको पुनरावलोकन गर्ने निर्णय भएको पनि अर्थ मन्त्रालयले जनाएको छ ।

बैठकले वित्तीय क्षेत्र सुधारको कार्ययोजना दुई हप्ताभित्र पेश गर्न नियामक तथा सम्बन्धित निकायलाई निर्देशन दिएको छ । यस्तै, नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन र नेपाल धितोपत्र बोर्डसम्बन्धी ऐन संशोधनको प्रक्रियालाई शीघ्रता दिने निर्णय गरेको छ ।

वित्तीय मध्यस्थता लागत कम गर्ने सम्बन्धमा गर्नुपर्ने सुधारको विषयमा सम्बन्धित निकायले नीति एवं कार्यविधि तर्जुमा प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय पनि गरेको छ ।

त्यसैगरी, वित्तीय क्षेत्र, पुँजीबजार र बीमा क्षेत्रको गतिविधि एवं नियमनलाई थप प्रभावकारी बनाउने र समन्वयात्मक तरिकाले काम गर्ने निर्णय भएको अर्थ मन्त्रालयको भनाइ छ । नियामकको क्षमता अभिवृद्धि गर्ने कामलाई सम्बन्धित संस्थाले तदारूकताका साथ अगाडि बढाउने निर्णय भएको पनि मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

अर्थमन्त्री महतको अध्यक्षतामा बसेको समितिको बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलगायत सहभागी थिए ।

# असोज १० गतेदेखि फर्निचर एक्स्पो हुने, सबै स्टल बुकिङ

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

राजधानीको भृकुटीमण्डपमा नवौं संस्करणको फर्निचर एक्स्पो (फर्नेक्स २०२३) को आयोजना हुने भएको छ । नेपाल फर्निचर तथा फर्निसिङ संघले बिहीबार राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरी एक्स्पोको तयारी तीव्र पारिएको जानकारी दिएको हो ।

'के हामी आत्मनिर्भर छौँ ?' भन्ने मुख्य थिमसहित आयोजना हुने एक्स्पो असोज १० देखि १४ गतेसम्म चल्ने संघले जनाएको छ । एक्स्पोको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्घाटन गर्नेछन् । यस्तै, एक्स्पो लागि सबै स्टलहरू बुकिङ भइसकेको संघका महासचिव सञ्जय लामाले जानकारी दिए । यसअघि नै आयोजकले फर्नेक्सको इभेन्ट लञ्च गरी बोलकबोलमा अधिकांश स्टल बुकिङ गराएको थियो । पहिले आउनेलाई पहिलो प्राथमिकताका आधारमा स्टल बुकिङ खुला गरिएकोमा एकाधबाहेकका सबै स्टल बुकिङ भइसकेको लामाले बताए ।




नेपालको फर्निचर तथा फर्निसिङ बजारको उत्थान गर्दै नेपालमा उत्पादित वस्तु तथा सेवालाई एउटै छानामुनि प्रदर्शनीमा ल्याउने उद्देश्यका साथ एक्स्पो आयोजना गरिएको संघका अध्यक्ष दिनेश अग्रवालले बताए । आर्थिक गतिविधिहरू सुस्त भइरहेका बेला एक्स्पोले बजारमा आर्थिक क्रियाकलाप चलायमान बनाउन सघाउने उनको दाबी छ । उनका अनुसार एक्स्पोमा प्रवेश निःशुल्क गरिएको छ । मुलुकलाई फर्निचरजन्य उत्पादनमा आत्मनिर्भर बनाउन संघले पहलकदमी लिँदै आएको एक्स्पोका संयोजक निकुञ्ज अग्रवालले बताए । हरेक वर्ष आयोजना भइरहेको फर्नेक्सले यो अभियानलाई सहयोग गरिरहेको भए पनि पछिल्ला दिनमा सरकारले गरेको नयाँ व्यवस्थाका कारण स्वदेशी उत्पादनको बजार विस्तार चुनौतीपूर्ण भएको अग्रवालको भनाइ छ । 'अर्थतन्त्र कमजोर अवस्थामा रहेका बेला स्वदेशी मुद्रा बाहिरिनबाट रोक्नुपर्नेमा सरकारले वन नियमावलीमा निजी क्षेत्रलाई निषेध गर्दा आयातित वस्तुको मात्र बढ्ने हो कि भन्ने चिन्ता लागेको छ', अग्रवालले भने । यस्तै, उनले सरकारलाई निजी क्षेत्रलाई पनि साथमा लिएर अघि बढ्न आग्रह गरे ।

एक्स्पोमा एकभन्दा बढी स्टलहरू रहने एक्स्पोमा मुख्यतया फर्निचर तथा फर्निसिङ सामग्री, उत्पादक, आयातकर्ता, वितरक, मेसिनरी तथा प्रविधि हस्तान्तरण, डिलर र व्यवसायीलाई केन्द्रित गरिनेछ । एक्स्पोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ब्रान्डलाई साझा प्लेटफर्म प्रदान गरी उपभोक्तासम्म पुग्न लागि सहज मार्ग निर्देशन गर्ने संघका महासचिव लामाले बताए । नेपाली तथा अन्तर्राष्ट्रिय बजारमा मेड इन नेपाल फर्निचरको बजारीकरण गरी व्यापार बढाउन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा सहकार्य गरी बी टु बी सेवा प्रदान गर्नु एक्स्पोको लक्ष्य रहेको छ । फर्निचर तथा फर्निसिङ क्षेत्रमा नयाँ अवधारणा र डिजाइनको प्रचार तथा प्रवर्द्धनको अवर पाउने अपेक्षा पनि आयोजकको छ । एक्स्पो स्थलमा सामान खरिद गर्नका लागि खुला बजार पनि सञ्चालन हुनेछ ।

फर्निचर तथा फिनिसिङ क्षेत्रमा आबद्ध उद्योगी, व्यवसायीलाई समेटेर बृहत् र भव्यरूपमा आयोजना हुन लागेको एक्स्पोलाई किङ कोयलले शीर्ष प्रायोजन गरेको छ । त्यसैगरी एक्स्पोको इन एसोसिएसन विथमा प्रेस्टिज कार्पेट रहेको छ भने पावर्ड वाईमा फर्निचर हब प्रालि रहेको छ । नेपाल चेम्बर अफ कमर्स र नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघले इन्डोर्स गरेको एक्स्पोको मेन स्पोन्सर्समा डल्फिन मोड्युल्ड फर्निचर, फिदरलाइट, आरओके प्रोडक्ट इण्डस्ट्रिज, सरावगी ओभरसिज र यति पोलिकेम रहेका छन् । इभेन्ट सोलुसन प्रालिले व्यवस्थापन गरेको एक्स्पोको अफिसियल पार्टनरमा लङ्से, भिवोन चियर र वेबट्युन रहेका छन् ।

५० हजारभन्दा बढीले अवलोकन गर्ने अपेक्षा गरिएको एक्स्पोमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त ब्रान्डहरूको सहभागिता रहनेछ । अवलोकनकर्तालाई आकर्षक गिफ्ट भौचर उपलब्ध गराउनुका साथै घर तथा कार्यालय सजावटका लागि विज्ञबाट सुझाव पनि उपलब्ध हुनेछ भने एक्स्पोस्थलमा नै वास्तु तथा इन्टेरियर डिजाइनका लागि विशेष परामर्श सेवा पनि उपलब्ध हुनेछ । साथै, एक्स्पोमा सहभागी हुने व्यवसायीहरूले आफ्नो ब्रान्ड, उत्पादन तथा सेवाको प्रचारप्रसार गर्ने अवसर पाउने छन् भने सम्भावित ग्राहकसँगको साक्षात्कार र भविष्यमा सहकार्य तथा व्यापार विस्तारका लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीसँग भेटवार्ता गर्ने अवसर पाउने छन् । फर्निचर तथा फर्निसिङ क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि सन् २०१२ देखि फर्निचर एक्स्पो हुन थालेको संघले जनाएको छ ।

# विस एचआर मेनपावरद्वारा झण्डै चार करोड ठगी




■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

विस एचआर सोलुसन प्रालि(मेनपावर)ले वैदेशिक रोजगारीमा पठाउने भन्दै ४३ जनासँग झण्डै चार करोड रूपैयाँ ठगी गरेको पाइएको छ । सोलुसनले ४३ जनाको समूहलाई पोल्याण्ड, क्रोएसिया, जापान, कतार तथा अमेरिकालगायतका मुलुकमा वैदेशिक रोजगारीमा पठाउने भन्दै तीन करोड ८२ लाख २८ हजार चार सय ९८ रूपैयाँ ठगी गरेको पाइएको हो ।

सोलुसनको सञ्चालक तुलसीप्रसाद श्रेष्ठ, लालबहादुर पुलामी, अमृत श्रेष्ठ तथा कर्मचारी रमेश कोइराला भनिने फडिन्द्र कोइराला समेतको मिलमतोमा सरिता भुजेललगायतका ४३ जनालाई वैदेशिक रोजगारीको प्रलोभन देखाई ठगी गरेको वैदेशिक रोजगार विभागले जानकारी दिएको छ । ठगी गरेको पाइएसँगै विभागले उक्त मेनपावरको इजाजतपत्र खारेज गरी कारबाही प्रक्रिया समेत अघि बढाएको छ । ठगी गरेको आरोपमा विभागले म्यानपावर कम्पनीका सञ्चालकसहित पाँच जनाविरूद्ध वैदेशिक रोजगार न्यायाधीकरणमा मुद्दा दायर गरेको छ । उनीहरूसँग पीडितले तिरेको रकम र हर्जना रकमसमेत गरी तीन करोड ८२ लाख २८ हजार ४९८ रूपैयाँ बिगो माग गरिएको विभागका निर्देशक कविराज उप्रेतीले जानकारी दिए । म्यानपावर सञ्चालक र कर्मचारीले विदेश पठाइदिन्छु भनेर विभिन्न व्यक्तिसँग एक लाखदेखि ४० लाख रूपैयाँसम्म ठगी गरेको विभागले जनाएको छ ।

विभागले म्यानपावर कम्पनीको इजाजतपत्र खारेज गर्न र पीडितबाट लिएको रकम र उक्त रकमको ५० प्रतिशत हर्जना रकम थप गरेर फिर्ता गर्न मागदाबी गरेको छ । त्यस्तै, प्रतिवादीलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद सजाय पनि माग दाबी गरेको छ । मेनपावरले वैदेशिक रोजगारीमा जाने भन्दै मोटो रकम उठाई ठगी गर्दै आएको पाइन्छ । विभागका अनुसार एक हजार पाँच सय १६ वटा मेनपावर मुलुकभर रहेका छन् । तीमध्ये करिब ९० प्रतिशत सञ्चालनमा रहेका छन् भने बाँकी ठगी, नवीकरण नगर्नेलगायतका कारण कारोबार बन्द गरिएको विभागले जनाएको छ । धेरैजसो मेनपावरले विदेश पठाउने भन्दै युवालाई ठगी गरेको पाइन्छ ।

विभागले गत साता मात्रै युवालाई ठगी गरेको आरोपमा दुई मेनपावरको इजाजपत्र खारेज गरेको थियो । इजाजतपत्र खारेज हुनेमा युनाइटेड मेनपावरले (इजाजतपत्र नम्बर ९८८-०६७/६८) र युरो एसिया एचआर सोलुसन प्रालि (इजाजतपत्र नम्बर ११६२-२०७३/७४) रहेको छ । उनीहरूले युवालाई विदेश पठाउने भन्दै मोटो रकम ठगी गरेको थिए । ती मेनपावरविरूद्ध मुद्धा पनि न्यायाधीकरणमा दायर गरिएको छ ।

# आर्थिक सङ्कट समाधान गर्न एसियाली मुलुकबीच सहकार्यमा जोड

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले हाल विश्वमा देखापरिरहेको आर्थिक संकटको समाधानका लागि एसिया प्रशान्त क्षेत्रका मुलुकका बीचमा सहयोग तथा सहकार्य हुनुपर्नेमा जोड दिएका छन् ।

जापानको राजधानी टोकियोमा आयोजित एसियन रोजगारदाता सम्मलेनलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले हाल विश्वका विभिन्न स्थानमा विविध विषय र क्षेत्रका अलग-अलग समस्या उत्पन्न भइरहेका र यसका कारण बहुआयामिक चुनौती देखापरेकाले ती समस्याको समाधान गर्न एसियाली क्षेत्रमा सहकार्य र सहयोग हुनुपर्नेमा उनले जोड दिका हुन् । शान्ति र स्थायित्वविना कुनै पनि समस्या समाधान गर्न सहज नहुने भन्दै उनले सबै मिलेर काम गर्नुपर्नेमा जोड दिएको महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । अध्यक्ष ढकालले दिगो आर्थिक वृद्धि, रोजगारी सिर्जना, श्रम आप्रवासन र सीप विकासलगायत एसिया प्यासिफिक क्षेत्रका साझा लक्ष्यहरू दोहोऱ्याउँदै, यस क्षेत्रका मुलुक र निजी क्षेत्रबीचको सहकार्य र समन्वयबाट मात्र यी चुनौतीको सामना गर्न सकिने बताए ।

ढकालले द्रूत 'डिजिटाइजेसन' र व्यवसाय सञ्चालनमा आर्टिफिसिएल इन्टेलिजेन्स (एआई)को एकीकरणतर्फ पनि ध्यानाकर्षण गराएका थिए । उनले सम्भावित असमानतालाई न्यूनीकरण गर्न श्रमिकको सीप विकास तथा क्षमता अभिवृद्धि गर्नुपर्ने बताए । आर्थिक वृद्धि, रोजगारी सिर्जना, साना तथा मझौला उद्यमलाई सहयोग, सामाजिक सुरक्षा, सीप विकास तथा सामाजिक संवादको सुदृढीकरणमा नेपाल प्रतिबद्ध रहेको समेत उनले जानकारी गराएका थिए । नेपालमा लगानीको वातावरण सुधार हुँदै गएको र लगानीको प्रचुर सम्भावना रहेको बताउँदै अध्यक्ष ढकालले दुई ठूला र उदीयमान मुलुक चीन र भारतको बीचमा रहेकाले नेपालमा बजारको ठूलो सम्भावना रहेको उल्लेख गरे । नेपालको जलविद्युत्, पर्यटन पूर्वाधार विकासको क्षेत्र फस्टाउँदो रहेको र यी क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको समेत उनले बताए ।

# माथिल्लो तामाकोशीको हकप्रद सेयर भर्ने समय थप

■ आर्थिक संवाददाता
काठमाडौ असोज ४

दोलखाको लामाबगरमा रहेको चार सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको हकप्रद सेयरको आवेदन दिने समय थप भएको छ । अपर तामाकोशी हाइड्रोपावर कम्पनीले बिहीबार एक सूचना जारी गरी असोज २२ गतेसम्म हकप्रद सेयर भर्ने समय थप गरेको जानकारी दिएको हो ।

यसअघि कम्पनीले भदौ १८ गतेदेखि असोज ७ गतेसम्म आवेदन दिने समय तोकेको थियो । कम्पनीले हाल कायम चुक्ता पुँजीको शतप्रतिशत अर्थात् शत प्रतिशत हकप्रद सेयर निष्काशन तथा बिक्री



खुला गरेको छ । सेयरधनीले १:१ को अनुपातमा आवेदन दिन सक्नेछन् । गत वर्ष २०७९ साल भदौ ३ गते बसेको १४औँ साधारणसभाले कम्पनीको हाल कायम चुक्ता पुँजी १० अर्ब ५९ करोड बराबरको प्रतिसेयर रकम सय अंकित दरको १० करोड ५९ लाख कित्ता साधारण सेयरको हकप्रद निष्काशन गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार कम्पनीले हकप्रद निष्काशन गरेको हो । कम्पनीको सेयर निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोष रहेको छ भने सह बिक्री प्रबन्धकमा सनराइज क्यापिटल लिमिटेड रहेको छ ।

सेयरधनीले माथिल्लो तामाकोशी जलविद्युत् केन्द्र, नागरिक लगानी कोष, सनराइज क्यापिटल, लक्ष्मी सनराइज बैंक, प्रभु बैंक, सिटिजन्स बैंक, सिन्धु विकास बैंक, कृषि विकास बैंक, नेपाल बैंक, महालक्ष्मी विकास बैंक, कुमारी बैंक, सिद्धार्थ बैंक, हिमालयन बैंक, प्राइम कमर्सियल बैंक तथा सानिमा बैंकका तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । साथै, नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट पनि आवेदन दिन सकिनेछ । यस्तै, कम्पनीले स्थानीयवासीले भने डिम्याट खाता नभए पनि हकप्रद सेयर भर्न पाउने प्रावधान बनाएको छ । कम्पनीले आयोजनाको ऋण चुक्ता र रोल्वालिङ खोला जलविद्युत् आयोजना निर्माणका लागि शतप्रतिशत हकप्रद सेयर निष्काशन गरेको हो ।

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रल्हाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik.dainik@gmail.com । सम्पादक : रामप्रसाद पुडासैनी